# CIM Newsletter

Issue 40, 41, Shrawan 2083

मेरो देश मेरै उत्पादन




## कम्पनी सम्बन्धी व्यवस्था मिलाउन बनेको

# विधेयक २०८३

### विशेष

- व्यवसाय मैत्री कानून
- पारदर्शिता र जवादेहिता
- लगानी प्रवर्द्धन र प्रतिस्पर्धात्मकता
- सुदृढ सुशासन र संस्थागत स्थायित्व

021-515712
Sahid Marg, Biratnagar-02
cim.biratnagar@gmail.com

# हाम्रो भनाई

नेपालको आर्थिक विकास, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका लागि समयानुकूल तथा व्यवसायमैत्री कानूनी संरचना अपरिहार्य छ । यही सन्दर्भमा नेपाल सरकारले सार्वजनिक गरेको कम्पनी विधेयक, २०८३ कम्पनी कानूनलाई आधुनिक, डिजिटल तथा अन्तर्राष्ट्रिय अभ्याससँग समायोजन गर्ने दिशामा अघि बढ्नु सकारात्मक प्रयास हो ।

उद्योग संगठन मोरङ यस विधेयकलाई सुधारोन्मुख कानूनी पहलका रुपमा स्वागत गर्दछ । तथापि, कानूनको उद्देश्य केवल नियमन र नियन्त्रणमा सीमित नभई लगानी आकर्षित गर्ने, उद्यमशीलतालाई प्रोत्साहन गर्ने तथा व्यवसाय सञ्चालनलाई सहज बनाउने पनि हुनुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ ।

वदलिदो परिवेश र आर्थिक रुपमा समृद्ध मुलुकको चाहनाले आज विश्वव्यापी रुपमा लगानी आकर्षित गर्ने प्रतिस्पर्धा तीव्र बन्दै गएको छ । यस अवस्थामा कुनैपनि विदेशी तथा स्वदेशी लगानीकर्ताहरुले सम्वन्धित देशमा भएको कानूनी स्थायित्व, नियामकीय स्पष्टता र व्यवसाय सञ्चालनको सहजतालाई प्राथमिकताका साथ मूल्याङ्कन गर्छन । त्यसैले कम्पनी कानूनले पारदर्शिता, उत्तरदायित्व र सुशासन सुनिश्चित गर्दै निजी क्षेत्रलाई अनावश्यक नियन्त्रण गर्नेभन्दा पनि बढी विश्वास र सहजीकरण प्रदान गर्नुपर्छ । नियमन र प्रोत्साहन बीचको सन्तुलन नै प्रभावकारी कम्पनी कानूनको आधार भएकाले सरकारले सोही अनुरुपको कानुन निर्माणलाई प्राथमिकता दिनुपर्छ ।

उद्योग संगठन मोरङले सरकार, निजी क्षेत्र तथा सम्बन्धित सरोकारवाला बीचको रचनात्मक संवादबाट कम्पनी विधेयकलाई अझ व्यवहारिक, लगानीमैत्री र विकासोन्मुख बनाउन सकिन्छ भन्ने मान्यतालाई आत्मसात गरी विधेयकका दफाहरुलाई अध्ययन गरी दफावार रुपमा सुझाव प्रस्तुत गरेको छ । अवका कानूनले उद्यमशीलता, नवप्रवर्तन, उत्पादन विस्तार र रोजगारी सिर्जनालाई समान रुपमा प्रोत्साहन गर्नसके मात्र नेपालको आर्थिक रुपान्तरणले अपेक्षित गति लिन सक्ने भएकाले कम्पनी कानूनलाई नियमनको साधन मात्र होइन, आर्थिक विकासको उत्प्रेरकका रुपमा विकास गर्नु आजको आवश्यकता रहेको छ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८२-८३ को ११ महिनाको तथ्यामा आधारित



**१५.२ प्रतिशतले**

आयातवृद्धि ।



**१२.३ प्रतिशतले**

निर्यातवृद्धि ।



**२.८९ प्रतिशत**

उपभोक्ता मूल्य सूचकामा आधारित मुद्रास्फीति ।



**रु. ९२६ अर्ब ६ करोड वचत**

शोधनान्तर स्थिति ।



**रु. २४ अर्ब ६८ करोड**

अमेरिकी डलर सञ्चिति।



**१५ प्रतिशत वृद्धि**

वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर ।



**६.२ प्रतिशतले**

वृद्धि, वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमा प्रवाहित कर्जा ।



**३८.२ प्रतिशतले**

विप्रेषण आप्रवाहवृद्धि

श्रोत: नेपाल राष्ट्र बैंक

# Foreign Trade Direction

Based on First 11 Months (Shrawan-Jestha) of FY 2082/83

| SN | Trade of Indicators | FY 2081/82 (First 11 Months) | FY 2082/83 (First 11 Months) | Change.(%) |
|---|---|---|---|---|
| 1 | Imports (Rs.in `000) | Rs 1,644,797,586 | Rs 1,894,098,871 | 15.16 |
| 2 | Exports (Rs.in `000) | Rs 247,570,213 | Rs 277,967,261 | 12.28 |
| 3 | Trade Deficit (Rs.in `000) | Rs 1,397,227,373 | Rs 1,616,131,610 | 15.67 |
| 4 | Total Foreign Trade (Rs.in `000) | Rs 1,892,367,799 | Rs 2,172,066,133 | 14.78 |
| 5 | Imports/Exports Ratioports (Rs.in `000) | Rs 6.64 | Rs 6.81 | 2.56 |
| 6 | Exports Share to Total Trade (%) | Rs 13.08 | Rs 12.80 | -2.18 |
| 7 | Imports Share to Total Trade (%) | Rs 86.92 | Rs 87.20 | 0.33 |

# Top 10 Import Chapter

Based on First 11 Months (Shrawan-Jestha) of FY 2082/83

(figures are in Rs. Thousands)



# Top 10 Export Chapter

Based on First 11 Months (Shrawan-Jestha) of FY 2082/83

(figures are in Rs. Thousands)



# Trade Balance by Partner Countries

Based on First 11 Months (Shrawan-Jestha) of FY 2082/83




# Imports and Exports by Custom Offices

Based on First 11 Months (Shrawan-Jestha) of FY 2082/83



# आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिका महत्वपूर्ण व्यवस्थाहरु

१. **लचिलो मौद्रिक कार्यदिशा र ब्याजदर:** निजी क्षेत्रको आत्मविश्वास बढाउन र अर्थतन्त्रको लागत न्यून राख्नका लागि अघिल्लो वर्षको सतर्कतापूर्वक अपनाइएको लचिलो कार्यदिशालाई निरन्तरता दिइएको छ । ब्याजदर कोरिडोर अन्तर्गतका नीतिगत दरहरूलाई यथावत राख्दै पर्याप्त तरलता सुनिश्चित गरी निजी क्षेत्रमा कर्जा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

२. **रुग्ण उद्योग र दबाबमा रहेका कर्जाको व्यवस्थापन:** रुग्ण उद्योगहरूमा रहेका निष्क्रिय कर्जा (Non-performing loans) को व्यवस्थापनका लागि विशेष नीतिगत व्यवस्था गरिने उल्लेख छ । साथै, दबाबमा रहेका कर्जाहरूको पुनरुत्थानका लागि समेत आवश्यक कदम चालिने भनिएकोछ ।

३. **निर्देशनहरूको सरलीकरण:** बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएका निर्देशनहरूमा रहेका भाषाको जटिलता र दोहोरोपना हटाइनेछ । पहिलो चरणमा कर्जा प्रवाह, ब्याजदर र वित्तीय ग्राहक संरक्षण सम्बन्धी निर्देशनहरूलाई पुनलेखन गरी सरलीकरण गरिने नीति लिइएको छ ।

४. **विद्युतीय सवारी साधन र यातायात क्षेत्र:** सार्वजनिक सवारीका रूपमा प्रयोग हुने ठूला विद्युतीय सवारी साधनहरूको खरिदका लागि कर्जा-मूल्य अनुपात (Loan-to-Value Ratio) मा सहजीकरण गरी कर्जा सुविधालाई सहज बनाइनेछ ।

५. **चेक बाउन्स र व्यक्तिगत जमानत:** चेक अनादर (Check Bounce) का मुद्दाहरूले व्यवसायमा पारेको अवरोध कम गर्न नीतिगत व्यवस्था गरिनेछ । साथै, कर्जाको सुरक्षणका लागि व्यक्तिगत जमानी दिँदा सिर्जना हुने असीमित दायित्वको अवस्थालाई हटाउने व्यवस्था गरिने उल्लेख छ ।

६. **शेयर धितो कर्जा:** संस्थाको सबलताका आधारमा शेयर धितो कर्जाको सीमा निर्धारण हुने गरी नयाँ व्यवस्था गरिनेछ, जसले व्यावस ायिक लगानीकर्ताहरूलाई प्रभाव पार्नेछ ।

७. **बाह्य व्यापार र विदेशी विनिमय सहजीकरण:** विदेशी विनिमय सटही प्रक्रिया र यससँग सम्बन्धित एकीकृत परिपत्रलाई सर लीकरण गरिनेछ । यसले आयात-निर्यातमा संलग्न व्यवसायीहरूलाई सहजता प्रदान गर्नेछ ।

८. **डिजिटल र नवीन वित्तीय सेवा:** वित्तीय लागत घटाउन र सेवाको गुणस्तर बढाउन डिजिटाइजेसनलाई जोड दिइनेछ । साथै, व्यक्तिगत क्रेडिट स्कोरिङमा आधारित "Peer to Peer" लेनदेन सञ्चालन गर्ने सम्बन्धमा अध्ययन गरिनेछ ।

समग्रमा मौद्रिक नीतिले ७.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न निजी क्षेत्रको लगानीको वातावरण सुधार गर्ने, प्रक्रियागत जटिलता हटाउने र रुग्ण व्यवसायहरूलाई पुनरुत्थान गर्ने लक्ष्य राखेको देखिन्छ ।

# कम्पनी सम्बन्धी व्यवस्था मिलाउन बनेको विधेयक २०८३ मा संगठनको सुझाव

## भाग १ : कम्पनी स्थापना तथा डिजिटल सुशासन

| दफा, उपदफा | विवरण | संगठनको सुझाव |
|---|---|---|
| १.१ कम्पनी स्थापनाको आधार, वर्गीकरण तथा सामुदायिक कम्पनी (दफा ३) | दफा ३ मा प्रचलित नेपाल कानूनबमोजिम स्वीकृत उद्देश्य तथा कार्य सञ्चालन गर्न कम्पनी स्थापना गर्न सकिने व्यवस्था गर्दै कम्पनीहरुको वर्गीकर णलाई थप स्पष्ट रूपमा परिभाषित गरिएको छ । यस दफा अनुसार सात वा सोभन्दा बढी संस्थापक भए पब्लिक कम्पनी (सरकारी कम्पनीको हकमा सात जना संस्थापक आवश्यक नपर्ने), दुई वा | प्राइभेट कम्पनीलाई एकल र बहु-स ंस्थापक भनी धेरै उप-वर्गीकरण गरेर अल्झाउनु भन्दा "प्राइभेट कम्पनी न्यूनतम १ जना र अधिकतम १०१ जनासम्म संस्थापक वा शेयरधनी भई स्थापना गर्न सकिनेछ" भनी सरले व्यवस्था कायम राख्नुपर्छ, जसले |

| | | |
|---|---|---|
| | सोभन्दा बढी संस्थापक भए प्राइभेट कम्पनी, एक जना मात्र संस्थापक भए एकल शेयरधनी भएको प्राइभेट कम्पनी तथा पाँच जना वा सोभन्दा बढी व्यक्तिहरु संस्थापक भए सामुदायिक कम्पनी स्थापना गर्न सकिने व्यवस्था गरिएको छ । साथै, प्रत्येक प्रकारका कम्पनीका लागि आवश्यक संस्थापकको संख्या तथा सम्बन्धित दायित्व स्पष्ट गरिएको छ भने "सामुदायिक कम्पनी" लाई कम्पनीको नयाँ प्रकारका रुपमा समावेश गरी यसको कानूनी व्यवस्था समेत गरिएको छ ।<br><br>परिभाषित गरिएको छ । यस दफा अनुसार सात वा सोभन्दा बढी संस्थापक भए पब्लिक कम्पनी (सरकारी कम्पनीको हकमा सात जना संस्थापक आवश्यक नपर्ने), दुई वा सोभन्दा बढी संस्थापक भए प्राइभेट कम्पनी, एक जना मात्र संस्थापक भए एकल | स्टार्टअपहरुलाई प्रोत्साहन गर्छ ।<br><br>सामुदायिक कम्पनीको कानुनी स्वरूप स्पष्ट पार्न ऐनमै "सामुदायिक कम्पनी भन्नाले स्थानीय समुदायको हित, वातावरण संरक्षण, वा सामाजिक कल्याणका लागि स्थापना भई आफ्नो नाफा वा लाभांश शेयरधनीहरुका बीच वितरण नगर्ने कम्पनी सम्झनुपर्छ" भनी प्रष्ट लेखिनुपर्छ ।<br><br>जनासम्म संस्थापक वा शेयरधनी भई स्थापना गर्न सकिनेछ" भनी व्यवस्था |
| १. २. कम्पनी दर्ताको प्रक्रिया-निवेदन, कागजात तथा निर्णय (दफा ४ को उपदफा (१), (२), (३), (४) र | दफा ४ को उपदफा (१) बमोजिम कम्पनी स्थापना गर्न चाहने व्यक्ति वा सठित संस्थाले कम्पनीको नाम स्वीकृत गराई प्रबन्धपत्र, नियमावली, नागरिकता, राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर लगायत तोकिएका आवश्यक कागजातहरु संलग्न गरी विद्युतीय प्रणालीमार्फत कार्यालयसमक्ष निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी, दफा ४ को उपदफा (२) अनुसार संस्थापक विदेशी व्यक्ति वा विदेशी कम्पनी भएमा राहदानी, भिसा, सम्बन्धित देशको संस्था दर्ता प्रमाणपत्र, उद्योग विभागको स्वीकृतिपत्र लगायतका थप विवरण तथा कागजातहरु समेत पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । यसरी प्राप्त निवेदन तथा कागजातहरुको परीक्षण गर्दा कुनै कागजात वा विवरण अपुग भएमा दफा ४ को उपदफा (३) बमोजिम कार्यालयले निवेदन प्राप्त भएको मितिले तीन कार्यदिनभित्र सोको जानकारी निवेदकलाई दिनुपर्नेछ । आवश्यक सबै कागजात सहित रीतपूर्वकको निवेदन प्राप्त भएपछि दफा ४ को उपदफा (४) तथा दफा ५ बमोजिम कार्यालयले सात दिनभित्र कम्पनी दर्ता गर्ने निर्णय गरी अनुसूची-२ बमोजिमको कम्पनी दर्ता प्रमाणपत्र जारी गर्नुपर्ने व्यवस्था गरिएको छ । | कार्यालयले तोकिएको समयभित्र निर्णय नगरेमा Deemed Approval (स्वत: स्वीकृति) दिनुपर्ने कानुनी व्यवस्था गरिनुपर्छ ।<br><br>Once Only Principle लागू गरी एउटै विवरण वा कागजात विभिन्न सरकारी निकायमा पटक-पटक पेश गर्नुपर्ने व्यवस्था अन्त्य गरिनुपर्छ<br><br>विद्युतीय प्रणाली २४सै घण्टा सुरक्षित भरपर्दो, प्रयोगकर्ता-मैत्री (User Friendly) तथा नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध गराइनुपर्छ ।<br><br>MSME, स्टार्टअप तथा डिजिटल प्रणालीमाकम पहुँच भएका उद्यमीहरुका लागि Help Desk, User Support, Online Guideline तथा Transition Period को व्यवस्था गरिनुपर्छ, ताकि डिजिटल प्रणालीको कार्यान्वयनले उनीहरुलाई अतिरिक्त प्रशासनिक वा आर्थिक भार नपरोस् । |

| | | |
|---|---|---|
| दफा २ (ज) (त) | खुद सम्पति, नातेदार | खुद सम्पत्तिको परिभाषा त्रुटिपूर्ण छ कुल सम्पति, काल्पनिक सम्पति, कुल दायित्व खुद सम्पति हुनुपर्छ । अंशबण्डा भइसकेका परिवारका सदस्यलाई पनि नातेदारको परिभाषाभित्र राखिएको छ । |
| दफा १४, दफा १५ | सीमित दायित्व, शेयर धनीहरुको संख्या | सीमित दायित्वलाई केवल प्रवर्द्धकको दायित्वको रुपमा मात्र परिभाषित गरिएको छ । यसले पछिका शेयरधनीहरुको दायित्वलाई समेट्दैन । त्यसैले प्रत्येक शेयरधनीको दायित्व निजले सदस्यता लिएको शेयरको भुक्तानी गर्न बाँकी रहेको रकमसम्म मात्र सीमित हुने कुरा स्पष्ट रुपमा उल्लेख गर्न आवश्यक छ (कम्पनी ऐनको दफा ८ बमोजिम) ।<br>सार्वजनिक कम्पनीमा शेयरधनीको संख्या प्रबन्धपत्रमा उल्लेख भएबमोजिम हुने भनिएको छ । तर MOA मा शेयर धनीको संख्या उल्लेख गर्नु व्यावहारिक रुपमा सम्भव हुँदैन । त्यसैले न्यूनतम शेयरधनी संख्या मात्र उल्लेख गर्नु उपयुक्त हुन्छ । |
| १.३. प्रबन्धपत्र तथा नियमावली सम्बन्धी व्यवस्था (दफा २४ र २८) | दफा २४ र २८ अन्तर्गत शेयरधनीको दायित्व सीमित रहेको कम्पनीको प्रबन्धपत्रमा कम्पनी विघटन हुँदा आवश्यक रकम, त्यसको स्रोत तथा ऋण-दायित्व भुक्तानीको व्यवस्था उल्लेख गर्नुपर्ने, नगदबाहेक अन्य सम्पत्तिबाट सार्वजनिक कम्पनीको शेयर प्राप्त गरिने भए इन्जिनियर वा प्रमाणित लेखा व्यवस ायीबाट सम्पतिको मूल्याा|न प्रतिवेदन लिनुपर्ने तथा सार्वजनिक कम्पनीले आफ्नो प्रबन्धपत्र र नियमावली आफ्नै वेबसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । | कम्पनी विघटनका लागि आवश्यक रकम तथा स्रोत प्रबन्धपत्रमा उल्लेख गर्ने व्यवस्था (दफा २४) ले सीमित दायित्व ( Limited Liability) कम्पनीको मूल सिद्धान्त अनुसार शेयरधनीको दायित्व उनीहरुले लगानी गरेको वा कबुल गरेको पूँजीसम्म मात्र सीमित हुनु पर्नेमा कम्पनी स्थापना गर्दाकै अवस्थामा भविष्यमा कम्पनी विघटन हुँदा आवश्यक पर्ने रकम र त्यसको स्रोत खुलाउनुपर्ने व्यवस्था व्यवहारिक छैन । तसर्थ यो व्यवस्था हटाई कम्पनी विघटन सम्बन्धी दायित्व प्रचलित दिवालियापन तथा कम्पनी विघटनस म्बन्धी कानुनी<br>प्रक्रियाबाट नै गरिनुपर्छ । |

| | | |
|---|---|---|
| | | नगदबाहेकको सम्पत्तिबाट सार्वजनिक कम्पनीको शेयर प्राप्त गर्दा मूल्याकंन प्रतिवेदन (दफा २४) लिनु पर्ने व्यवस्थाले साना मूल्यका कारोबारमा पनि अनिवार्य मूल्यांन प्रतिवेदन आवश्यक हुने व्यवर था भएमा कम्पनीको लागत र समय दुवै बढ्ने भएकोले यो व्यवस्था निर्धारित मूल्य (Threshold) भन्दा माथिका कारोबारमा मात्र अनिवार्य गरिनुपर्छ । साना तथा सामान्य प्रकृतिका कारोबारमा सरलीकृत प्रक्रिया अपनाइनुपर्छ । |
| १.४. कम्पनी प्रशासनको डिजिटल तथा प्रविधिमैत्री व्यवस्था (दफा २ को खण्ड (कक) र (ल), दफा ८, दफा | प्रस्तावना तथा दफा २, ८, २२, ५१, ८६, १८३ र २६१ मा कम्पनीको संस्थापना, सञ्चालन, प्रशासन तथा नियमनलाई पूर्ण रुपमा प्रविधिमैत्री र डिजिटल प्रणालीमा आधारित बनाउने व्यवस्था गरिएको छ । यसका लागि कम्पनी दर्ता तथा नाम स्वीकृति विद्युतीय प्रणालीमार्फत गर्ने, विद्युतीय माध्यमबाट निवेदन, सूचना र म्याद तामेल गर्ने, कम्पनी र जिष्ट्रारको कार्यालयका सेवा अनलाइन प्रणालीबाट सञ्चालन गर्ने, विद्युतीय हस्ताक्षरलाई हस्तलिखित हस्ताक्षरसरह कानुनी मान्यता दिने तथा भिडियो कन्फरेन्समार्फत सभा वा बैठक सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ । साथै, सार्वजनिक कम्पनीका सेयर अनिवार्य रुपमा अभौतिक (डिम्याट) स्वरुपमा राख्ने र अनलाइन माध्यमबाट सेयर वा डिबेञ्चर कारोबार हुँदा नाम दर्ता वा दाखिल-खारेजका लागि छुँ निवेदन दिनु नपर्ने व्यवस्था गरी कम्पनी प्रशासनलाई थप सरल, छरितो र प्रविधिमैत्री बनाइएको छ । | कम्पनी रजिस्ट्रार, आन्तरिक राजस्व विभाग (PAN/VAT), सामाजिक सुरक्षा कोष, श्रम विभाग तथा अन्य सम्बन्धित निकायबीच एकीकृत डिजिटल प्रणाली (One Stop Integrated Business Registration System) विकास गरिनुपर्छ ।<br><br>MSME, स्टार्टअप तथा ग्रामीण क्षेत्रका उद्यमीलाई डिजिटल प्रणाली प्रयोग गर्न Help Desk, User Support तथा Digital Facilitation Service उपलब्ध गराइनुपर्छ ।<br><br>प्रणालीमा प्राविधिक समस्या (System Failure) आएमा वैकल्पिक व्यवस्था तथा सेवा निरन्तरता(Business Continuity Mechanism) सम्बन्धी स्पष्ट कानुनी प्रावधान राखिनुपर्छ । |
| १.५.सार्वजनिक कम्पनीले शेयर निष्कासन गर्नुपर्ने समयसीमा (दफा १६) | दफा १६ मा सार्वजनिक कम्पनीले स्थापना भएको मितिले पाँच वर्षभित्र सर्वसाधारणमा शेयर निष्कासन गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । तर हाल सञ्चालनमा रहेका सार्वजनिक कम्पनीहरुका लागि यो व्यवस्था पालना गर्नुपर्ने संक्रमणकाल उल्लेख गरिएको छैन । | हाल सञ्चालनमा रहेका सार्वजनिक कम्पनीका लागि स्पष्ट संक्रमणकालीन व्यवस्था (Transition Provision) र ाखिनुपर्छ । समयसीमा क्षेत्रगत प्रकृति (Sector–specific) तथा नियामक निकायको सिफारिसका आधारमा आवश्यक परे थप गर्न सकिने व्यवस्था हुनुपर्छ । शेयर निष्कासनको बाध्यकारी समयसीमा निर्धारण गर्दा कम्पनीको व्यवसायिक तयारी, वित्तीय अवस्था तथा परियोजनाको जीवनचक्र (Project Lifecycle) लाई समेत आधार मानिनुपर्छ। |

| | | |
|---|---|---|
| | | MSME, स्टार्टअप तथा ग्रामीण क्षेत्रका उद्यमीलाई डिजिटल प्रणाली प्रयोग गर्न Help Desk, User Support तथा Digital Facilitation Service उपलब्ध गराइनुपर्छ ।<br><br>प्रणालीमा प्राविधिक समस्या (System Failure) आएमा वैकल्पिक व्यवस्था तथा सेवा निरन्तरता(Business Continuity Mechanism) सम्बन्धी स्पष्ट कानुनी प्रावधान राखिनुपर्छ । |

## भाग २ : पूँजी तथा शेयर संरचना

| दफा, उपदफा | विवरण | संगठनको सुझाव |
|---|---|---|
| २.१. सम्बन्धित पक्षसँगको कारोबारमा Arms Length सिद्धान्त (दफा १६) | दफा १६ मा कम्पनीले दैनिक व्यवसाय सञ्चालन तथा सम्बन्धित पक्षसँग हुने<br>कारोबारमा Arms Length Principle अवलम्बन गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । अर्थात् सम्बन्धित पक्षसँगको कारोबार स्वतन्त्र पक्षबीच हुने सामान्य बजार मूल्य र व्यावसायिक शर्तअनुसार हुनुपर्नेछ । | Arms Length Principle को स्पष्ट कानुनी परिभाषा, लागू हुने दायरा तथा मूल्याङ्कनका आधारहरू विधेयक वा नियमावलीमा स्पष्ट नभएमा यसको कार्यान्वयनमा अन्योल सिर्जना हुन सक्छ । विशेषगरी एउटै समूह (Group Companies) भित्र हुने नियमित व्यावसायिक कारोबारमा अनावश्यक विवाद तथा अनुपालनको भार बढ्न सक्ने सम्भावना रहन्छ । खुला अर्थतन्त्रको मर्म विपरित नहुने गरि Arms Length Principle को स्पष्ट परिभाषा कम्पनी ऐन वा नियमावलीमा समावेश गरिनुपर्छ । साथै, यो व्यवस्था प्रचलित कर कानूनसँग समन्वय हुने गरी कार्यान्वयन गरिनुपर्छ।<br><br>Arms Length Principle सम्बन्धी व्यवस्था आयकर ऐन २०८३ को दफा ३३ क को सेफ हार्बर रुलको व्यवस्थासँग पूर्ण रूपमा समन्वय हुने गरी स्पष्ट गर्नुपर्छ, ताकि एउटै कारोबारमा फरक-फरक कानूनी व्याख्या वा दोहोरो अनुपालनको अवस्था सिर्जना नहोस् । |

| | | |
|---|---|---|
| २.२. सार्वजनिक कम्पनीको न्यूनतम चुक्ता पूँजी वृद्धि (दफा १७) | कम्पनी ऐन, २०६३ अनुसार सार्वजनिक कम्पनीको न्यूनतम चुक्ता पूँजी रु. १ करोड थियो । प्रस्तावित विधेयकले सूचीकृत सार्वजनिक कम्पनीका लागि न्यूनतम चुक्ता पूँजी रु. २५ करोड, तथा अनसूचीकृत सार्वजनिक कम्पनीका लागि रु. ५ करोड प्रस्ताव गरेको छ । विद्यमान सार्वजनिक कम्पनीहरुले ऐन लागू भएको दुई वर्षभित्र नयाँ मापदण्ड पूरा गर्नुपर्नेछ । | सार्वजनिक कम्पनीको न्यूनतम चुक्ता पूँजी सम्बन्धित व्यवसायको प्रकृति, नियामकीय जोखिम तथा क्षेत्रगत आवश्यकताका आधारमा गर्नु पर्ने तथा हाल सञ्चालनमा रहेका सार्वजनिक कम्पनीलाई आवश्यक पूँजी जुटाउन दुई वर्षभन्दा बढी यथोचित संक्रमणकाल ( Transition Period) उपलब्ध गराउन सकिने व्यवस्था गरिनुपर्छ ।<br><br>न्यूनतम चुक्ता पूँजीको मापदण्ड क्षेत्रगत जोखिम (Risk-based) तथा व्यवसायको प्रकृति (Sector-specific) अनुसार निर्धारण गरिनुपर्छ । |
| २. ३. निश्चित व्यवसाय सार्वजकि कम्पनीमार्फत मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था (दफा १८) | दफा १८ मा सार्वजनिक सरोकार, उच्च लगानी तथा नियामकीय महत्व भएका व्यवसायहरु अनिवार्य रुपमा सार्वजनिक कम्पनीमार्फत मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसअन्तर्गत पोर्टफोलियो व्यवस्थापन,<br>रेमिट्यान्स सेवा, कमोडिटी बजार, म्युचुअल फण्ड, ५ मेगावाटभन्दा बढी क्षमताको विद्युत उत्पादन, प्रसारण वा वितरण, रु. ५० करोड वा सोभन्दा बढी विदेशी लगानी भएका उद्योग, केबलकार, पोडवे, सरकारी कम्पनी तथा क्रेडिट रेटिङ संस्थाले सार्वजनिक कम्पनीको रुपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै, हाल यस्ता व्यवसाय सञ्चालन गरिरहेका<br>प्राइभेट कम्पनीहरुले विधेयक लागू भएको मितिले दुई वर्षभित्र सार्वजनिक कम्पनीमा रुपान्तरण गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । | हाल सञ्चालनमा रहेका प्राइभेट कम्पनीहरुलाई पब्लिकमा रुपान्तरण हुनका लागि प्रस्ताव गरिएको २ वर्षको अवधिलाई बढाउनु पर्दछ ।<br><br>रु. ५० करोडको सीमा विदेशी लगानीका लागि निकै सानो हुन सक्छ । त्यसैले विदेशी लगानी भएका उद्योगका हकमा यो सीमालाई अझ बढाउनुपर्छ वा उद्योगले व्यावसायिक उत्पादन सुरु गरी नाफा कमाउन थालेको निश्चित वर्षपछि मात्र पब्लिकमा जानुपर्ने व्यवस्था गर्नुपर्छ ।<br><br>जलविद्युत, केबलकार जस्ता ठूला पूर्वाधार निर्माण गर्दा सुरुवाती वर्षहरुमा कम्पनी घाटामा हुन सक्छ । त्यसैले, कम्पनी स्थापना हुनासाथ वा निर्माणकै चरणमा पब्लिक हुनुपर्ने बाध्यता हटाएर<br>व्यावसायिक सञ्चालन सुरु भएको निश्चित अवधिपछि मात्र पब्लिकमा रुपान्तरण हुने व्यवस्था राख्नु उपयुक्त हुन्छ । |

| | | |
|---|---|---|
| २.४. पूँजी व्यवस्थापन सम्बन्धी व्यवस्था (दफा १७, ३२, ६५, ९१, ९२, ९४-९७ तथा १००) | यी दफाहरूमा कम्पनीको पूँजी व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ । सूचीकृत तथा अन्य पब्लिक कम्पनीका लागि न्यूनतम चुक्ता पूँजी तोकिएको, संस्थापकले कबुल गरेको शेयर रकम बैंकमा जम्मा गरेपछि मात्र कारोबार प्रारम्भ गर्न पाइने, जारी पूँजी पूर्ण चुक्ता भएपछि मात्र डिबेञ्चर वा ऋणपत्र निष्कासन गर्न सकिने तथा विशेष प्रस्ताव बमोजिम हकप्रद, बोनस शेयर वा अन्य कानुनी माध्यमबाट पूँजी वृद्धि गर्न सकिने व्यवस्था गरिएको छ । त्यसै गरी, अदालतको स्वीकृति सहित विशेष प्रक्रिया पूरा गरी मात्र पूँजी घटाउन सकिने, दामासाहीमा परेको कम्पनीले पूँजी घटाउन नपाउने तथा कम्पनीको खुद सम्पत्ति चुक्ता पूँजीको आधाभन्दा कम भए हित संरक्षणका लागि विशेष साधारण सभा बोलाई आवश्यक रणनीति अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ । | संस्थापकले कबुल गरेको रकम कम्पनीको आवश्यकता र परियोजनाको कार्यप्रगतिका आधारमा किस्ताबन्दी वा चरणबद्ध रूपमा बैंकमा जम्मा गरी व्यवसाय सुरु गर्न पाउने (Paid-up Capital को अनुपातमा) खुकुलो व्यवस्था गरिनुपर्छ ।<br><br>जारी पूँजी पूर्ण चुक्ता नभएतापनि निश्चित प्रतिशत (जस्तैः ७५% वा सोभन्दा बढी) चुक्ता भइसकेको अवस्थामा वा नियामक निकायको पूर्वस्वीकृति लिएर डिबेञ्चर जारी गर्न पाउने प्रावधान राख्नुपर्छ, ताकि कम्पनीको वित्तीय व्यवस्थापनमा अवरोध नआओस साना वा प्राइभेट कम्पनीहरूको हकमा अदालतको स्वीकृतिको साधारण सभाको विशेष प्रस्ताव र ऋणदाताहरूको लिखित सहमति भएमा सिधै कम्पनी रजिस्ट्रारको कार्यालयबाटै पूँजी घटाउन पाउने द्रुत प्रक्रिया लागू गरिनुपर्छ ।<br><br>व्यवसायको प्रकृति र परियोजनाको जीवनचक्रलाई आधार मानेर मात्र यो व्यवस्था आकर्षित हुनुपर्छ । |
| २.५. शेयर संरचनासम्बन्धी व्यवस्था (दफा ३९-४७, ५१, ५३, ६०-६४, ९३ तथा १०२-१०३) | यी दफाहरूमा कम्पनीको शेयरको प्रकार, निष्कासन, हस्तान्तरण तथा शेयरधनीको अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । साधारण, अग्राधिकार तथा मेहनताना (स्वेट इक्विटी) शेयर जारी गर्न सकिने, फरक अधिकार भएका वर्गका शेयरको व्यवस्था, शेयरको न्यूनतम अंकित मूल्य, शेयरधनीको मतदान, लाभांश तथा सम्पत्तिमाथिको अधिकार स्पष्ट गरिएको छ । सार्वजनिक प्रस्ताव, परिपत्र विधि वा प्रिमियम मूल्यमा शेयर निष्कासन, समयमै निष्पक्ष बाँडफाँट तथा गैरकानूनी निष्कासन वा बढी असुल | कम्पनीले विशेष प्रस्ताव पारित गरी आफ्नो सञ्चित नाफा वा पूँजी फिर्ता कोषबाट निश्चित सीमा (जस्तैः कुल चुक्ता पूँजी र सञ्चित नाफाको १० देखि २० प्रतिशतसम्म) आफ्नै शेयर खरिद गर्न पाउने प्रक्रियालाई थप सरल र स्पष्ट बनाइनुपर्छ, ताकि लगानीकर्ताले सहजै "एग्जिट" पाउने वातावरण बनोस ।<br><br>साविक शेयरधनीलाई पहिलो खरिद अधिकार दिने व्यवस्थालाई प्राइभेट कम्पनी र निश्चित पूँजी भएका अनसूचीकृत पब्लिक कम्पनीमा मात्र सीमित गरिनुपर्छ ।<br><br>सूचीकृत नभएका साना पब्लिक कम्पनीहरूका लागि शेयर अभौतिकीकरण गर्न निश्चित समयसीमा वा संक्रमणकालीन अवधि उपलब्ध |

| | | |
|---|---|---|
| | | गराइदिनुपर्छ । साथै, डिजिटल प्रणालीमा कम पहुँच भएकाहरूका लागि सरल र डिजिटल सहजीकरण सेवाको व्यवस्था कानुनमै तोकिनुपर्छ । |
| २.६. शेयर जारी, कारोबार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था (दफा ४५, ५५, ७७, ८७, ८८, ८९ र १०१) | अन्तर्गत पहिलो पटक मेहनताना शेयर जारी गर्ने (स्टार्टअपका लागि चुक्ता पूँजीको अधिकतम ४० प्रतिशत र अन्य उद्योगका लागि २० प्रतिशतसम्म), शेयरको वास्तविक लाभग्राहीको विवरण कम्पनीलाई अनिवार्य रुपमा उपलब्ध गराउने, प्राइभेट तथा अनसूचीकृत सार्वजनिक कम्पनीको शेयर बिक्रीमा विद्यमान शेयरधनीलाई पहिलो खरिद अधिकार दिने, विदेशमा भएको नेपाली कम्पनीको शेयर कारोबारलाई नेपालमै भएको मानी ३० दिनभित्र कम्पनी रजिस्ट्रारको कार्यालयमा विवरण पेश गर्नुपर्ने, शेयर खरिद गर्दा लगानीको स्रोत खुलाउनुपर्ने, रु. २५ लाख वा सोभन्दा बढी मूल्यको शेयर हस्तान्तरणमा खरिदकर्ताले १ प्रतिशत दर्ता शुल्क तिर्नुपर्ने तथा सञ्चालक र व्यवस्थापनलाई अग्रिम शेयर कारोबार गर्न निषेध गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। | शेयर हस्तान्तरणमा लाग्ने १ प्रतिशत दर्ता शुल्कको व्यवस्थालाई हटाउनु पर्छ । मर्जर, प्राप्ति वा एउटै समूहका कम्पनीहरू बीच हुने शेयर हस्तान्तरणमा यो शुल्क पूर्ण रुपमा छुट दिने व्यवस्था गरिनुपर्छ ।<br><br>विदेशमा भएको शेयर कारोबारको विवरण नेपालमा पेश गर्ने समयावधिलाई ३० दिनबाट बढाएर कम्तिमा ६० देखि ९० दिन पुऱ्याइनुपर्छ, ताकि विदेशी लगानीकर्ताले आवश्यक कानुनी कागजातहरू र प्रमाणीकरण प्रक्रिया सहजै पुरा गर्न सकून ।<br>स्टार्टअप र प्रविधिमूलक उद्योगहरूको हकमा साधारण सभाको विशेष प्रस्तावमार्फत आवश्यकता अनुसार मेहनताना शेयरको सीमालाई थप बढाउन सक्ने लचिलो व्यवस्था थपिनुपर्छ । |

## भाग ३ : कर्पोरेट गभर्नेन्स

| दफा, उपदफा | विवरण | संगठनको सुझाव |
|---|---|---|
| ३.१. सञ्चालक समिति, आचरण तथा जवाफदेहिता सम्बन्धी व्यवस्था (दफा १३७, १४२, १५५, १५६, १५७ | अन्तर्गत प्राइभेट तथा पब्लिक कम्पनीमा सञ्चालक समितिको संख्या, महिला तथा स्वतन्त्र सञ्चालकको प्रतिनिधित्व सुनिश्चित गर्ने, वार्षिक प्रतिवेदन तयार गरी सबै सञ्चालकबाट प्रमाणीकरण गराउने, निजी स्वार्थ बाझिने विषयमा सम्बन्धित सञ्चालकलाई निर्णय प्रक्रियाबाट अलग रहने व्यवस्था गर्ने तथा सञ्चालकले निष्ठा, इमानदारी, पारदर्शिता र विवेकपूर्ण ढंगले कम्पनीको हितमा काम गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै, कम्पनीलाई हानि-नोक्सानी पुग्ने गरी व्यक्तिगत लाभ लिएमा वा कर्तव्य पालना नगरेमा सम्बन्धित सञ्चालक स्वयं जवाफदेही भई क्षतिपूर्ति व्यहोर्नुपर्ने प्रावधान प्रस्ताव गरिएको छ । | सञ्चालकको व्यक्तिगत जवाफदेहिता र क्षतिपूर्तिको व्यवस्थालाई बदनियत वा गम्भीर लापरबाही गरेको अवस्थामा मात्र आकर्षित हुनुपर्छ । यदि सञ्चालकले प्रचलित कानुनको परिधिभित्र रही, इमानदारीपूर्वक र कम्पनीको हितकै लागि लिएको व्यावसायिक निर्णयबाट घाटा हुन गएमा त्यस्तो निर्णयलाई संरक्षण गर्ने व्यवस्था थपिनुपर्छ ।<br><br>वार्षिक प्रतिवेदन सबै सञ्चालकको सा "सञ्चालक समितिको बहुमत सदस्य वा समितिले अख्तियारी दिएका अध्यक्ष र कम्तीमा दुई जना सञ्चालक" ले प्रमाणीकरण गरेमा मान्य हुने व्यवस्था गरिनुपर्छ, ताकि एक वा दुई जना सञ्चालक अनुपस्थित हुँदा पूरै कम्पनीको काम कारबाही नरोकियोस । |

| | | |
|---|---|---|
| ३.२. योग्य लेखापरीक्षण राय भएमा नाफा छुट्याउनुपर्ने (दफा ११०) | दफा ११० मा लाभांश वितरणअघि लेखापरीक्षकले औंल्याएको योग्य राय सम्बन्धी जोखिमलाई समेट्न आवश्यक रकम छुट्याउनुपर्नेछ भन्ने व्यवस्था गरिएको छ । | लेखापरीक्षकको योग्य रायले वित्तीय विवरणमा पार्न सक्ने वास्तविक वा सम्भावित अधिकतम आर्थिक प्रभावको लेखापरीक्षक स्वयंले आफ्नो प्रतिवेदनमा स्पष्ट रूपमा तोकिदिनुपर्ने व्यवस्था हुनुपर्छ । कम्पनीले मात्र त्यति नै बराबरको रकम वा निश्चित प्रतिशत नाफाबाट छुै कोषमा राखेर बाँकी नाफा लाभांशका रूपमा बाँड्न पाउने व्यवस्था स्पष्ट गरिनुपर्छ। |
| ३.३. Disclaimer of Opinion भएमा लाभांश वितरण गर्न नपाइने (दफा ११५) | लेखापरीक्षकले Disclaimer of Opinion दिएको अवस्थामा कम्पनीले लाभांश वितरण गर्न पाउने छैन । | लेखापरीक्षकले Disclaimer of Opinion दिने अवस्था आएमा कम्पनीलाई सिधै लाभांश रोक्नु अघि निश्चित समयावधि (जस्तै: ६० वा ९० दिन) भित्र मागिएका कागजातहरू दुरुस्त गरी अर्को स्वतन्त्र वा विशेष लेखापरीक्षकबाट पुन: लेखापरीक्षण गराउने कानुनी अवसर दिइनुपर्छ । |
| ३.४. वार्षिक प्रतिवेदनमा थप विवरण खुलाउनुपर्ने (दफा १३२) | रु. २५ लाखभन्दा बढी चुक्ता पूँजी भएका कम्पनीहरूले वार्षिक प्रतिवेदनमा थप रूपमा वास्तविक लाभग्राहीको विवरण, महालेखा परीक्षकका बेरुजु (लागू हुने अवस्थामा), र विदेशी कर्मचारी तथा उनीहरूको पारिश्रमिक, भत्ता र सुविधासमेत खुलाउनुपर्नेछ । | यो कडा परिपालनाको व्यवस्थालाई रु. २५ लाखको साटो "कम्तिमा रु. ५ करोड वा सोभन्दा बढी चुक्ता पूँजी भएका पब्लिक कम्पनी र ठूला प्राइभेट कम्पनीहरू" का लागि मात्र अनिवार्य गरिनुपर्छ । साना तथा मझौला र स्टार्टअप कम्पनीहरूलाई यस व्यवस्थाबाट पूर्ण रूपमा छुट दिइनुपर्छ ताकि उनीहरूलाई अतिरिक्त प्रशासनिक भार नपरोस । |
| ३.५. सञ्चालकको शेयर स्वामित्व तथा पारिश्रमिक सम्बन्धी व्यवस्था (दफा १४४, १४८ र १४९) | दफा १४४, १४८ र १४९ अन्तर्गत सञ्चालकले नियमावली बमोजिम तोकिएको न्यूनतम शेयर धारण गर्नुपर्ने, अन्यथा सञ्चालक बन्न अयोग्य ठहरिन सक्ने तथा सञ्चालकको बैठक भत्ता, यात्रा खर्च, सुविधा र पारिश्रमिक सम्बन्धी विवरण वार्षिक प्रतिवेदनसँगै कम्पनी रजिस्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । | स्वतन्त्र सञ्चालक र व्यावसायिक विशेषज्ञ सञ्चालकका हकमा कुनै पनि न्यूनतम शेयर स्वामित्व आवश्यक नपर्ने गरी प्रष्ट व्यवस्था गरिनुपर्छ ।<br><br>सञ्चालकहरूको व्यक्तिगत भत्ता र यात्रा खर्चको विस्तृत फेरिस्त सार्वजनिक रूपमा खुलाउनुको सा वार्षिक प्रतिवेदनमा "सञ्चालक समितिमा भएको कुल एकमुष्ट खर्च मात्र खुलाए पुग्ने व्यवस्था गरिनुपर्छ । विस्तृत र व्यक्तिगत विवरण कम्पनीको आन्तरिक स्रेस्तामा सुरक्षित राख्ने वा कर कार्यालय/कम्पनी रजिस्ट्रारको कार्यालयमा मात्र आवश्यक्ता अनुसार बुझाउने व्यवस्था गर्नु उपयुक्त हुन्छ । |

| | | |
|---|---|---|
| ३.६. आन्तरिक लेखापरीक्षण (दफा२०७) | सबै सार्वजनिक कम्पनी तथा रु. १० करोडभन्दा बढी वार्षिक कारोबार भएका प्राइभेट कम्पनीहरुमा आन्तरिक लेखापरीक्षण अनिवार्य हुनेछ । कानुनी लेखापरीक्षक बाहेक अन्य दर्तावाला लेखापरीक्षकलाई मात्र आन्तरिक लेखापरीक्षकको रुपमा नियुक्त गर्न सकिनेछ । | प्राइभेट कम्पनीका हकमा आन्तरिक लेखापरीक्षण अनिवार्य हुने वार्षिक कारोबारको सीमालाई रु. १० करोडबाट बढाएर कम्तिमा रु. २५ करोड वा सोभन्दा बढी पुर्‍याइनुपर्छ, ताकि साना तथा मझौला उद्यमीहरु अतिरिक्त प्रशासनिक भारबाट बच्न सकून । |
| ३.७. लेखापरीक्षण समिति गठन र काम, कर्तव्य, अधिकार (दफा २१९ र २२०) | पब्लिक, सरकारी र ५० करोडभन्दा बढी कारोबार भएका कम्पनीले दैनिक कार्यमा संलग्न नरहेका सञ्चालकको अध्यक्षतामा कम्तीमा ३ सदस्यीय (१ जना लेखा/वित्तविज्ञ सहित) लेखापरीक्षण समिति गठन गर्नुपर्छ । समितिमा लेखा, वित्त वा अर्थशास्त्रमा योग्यताप्राप्त कम्तीमा एक सदस्य हुनुपर्नेछ, र सि.ई.ओ वा सि.एफ.ओ का नजिकका नातेदार समितिको सदस्य हुन नपाउने व्यवस्था गरिएको छ । यस समितिले वित्तीय विवरणको पुनरावलोकन गर्ने, आन्तरिक नियन्त्रण र जोखिम प्रणालीको जाँच गर्ने, लेखापरीक्षकको सिफारिस गर्ने र लेखा सम्बन्धी नीति तय गरी सञ्चालक समितिलाई सुझाव दिनेछ । | प्राइभेट कम्पनीका हकमा कारोबारको सीमालाई रु. ५० करोडबाट बढाएर कम्तिमा रु. १ अरब पुर्‍याइनुपर्छ वा प्राइभेट कम्पनीहरुलाई यस समिति गठनको बाध्यात्मक व्यवस्थाबाट पूर्ण छुट दिई नियमित आन्तरिक लेखापरीक्षणबाटै नियमन गरिनुपर्छ । "नजिकका नातेदार" भन्नाले एकाघरका परिवारका सदस्य (पति, पत्नी, आमा, बुबा, छोरा, छोरी) मात्र हुन् भनी स्पष्ट रुपमा किटानी गरिनुपर्छ, ताकि कार्यान्वयनमा कुनै द्विविधा नहोस ।<br><br>लेखापरीक्षण समितिको काम मुख्य सञ्चालक समितिलाई "सुझाव र सिफारिस " दिने मात्र हुनुपर्छ । अन्तिम नीतिगत निर्णय र वित्तीय विवरण स्वीकृत गर्ने पूर्ण अधिकार र जिम्मेवारी सञ्चालक समितिकै रहने गरी शक्ति सन्तुलन मिलाउनुपर्छ । |
| ३.८. संस्थागत सुशासनको पालना (दफा २७८) | कम्पनीले सेयरधनीको अधिकार संरक्षण, समान व्यवहार, कानूनको परिपालना, उच्च आचरण र व्यावसायिक पारदर्शिता जस्ता संस्थागत सुशासनका आधारभूत सिद्धान्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । | संस्थागत सुशासनका सिद्धान्तहरुलाई सूचीकृत र सर्वसाधारणमा शेयर जारी गर्ने पब्लिक कम्पनीहरुका लागि "अनिवार्य" गरिनुपर्छ । प्राइभेट, साना तथा मझौला र स्टार्टअप कम्पनीहरुका हकमा यसलाई अनिवार्य गर्नुको स । "प्रोत्साहन वा निर्देशिकाका रुपमा लागू गरिनुपर्छ ।<br><br>यदि कुनै कम्पनीले सुशासनका सर्तहरु पालना नगरेको देखिएमा सिधै कसुर वा जरिबाना आकर्षित गर्नुको स ।, त्रुटि सच्याउनका लागि निश्चित समयावधि सहितको लिखित निर्देशन दिने व्यवस्था कानुनमै स्पष्ट रुपमा लेखिनुपर्छ । |

| | | |
|---|---|---|
| ३.९. अल्पमत शेयरधनीको हित संरक्षण (अध्याय ३४) | सञ्चालक समितिले अल्पमत शेयरधनीको हितविपरीत कार्य गरेमा वा उनीहरूको उचित एजेन्डालाई बेवास्ता गरेमा अल्पमत शेयरधनीले कानुनी उपचार प्राप्त गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । | यदि कुनै अल्पमत शेयरधनीले कम्पनीलाई दु:ख दिने वा बार्गेनिङ गर्ने नियतले झूटो वा बदनियतपूर्ण उजुरी गरेको ठहरिएमा, उजुरीकर्ता स्वयंले कम्पनीलाई भएको क्षतिपूर्ति र कानुनी खर्च ब्यहोर्नुपर्ने कडा कानुनी प्रावधान राखिनुपर्छ, जसले गर्दा सस्तो मुद्दाबाजी निरुत्साहित होस । |
| ३.१०. सम्पत्ति विवरण पेस (दफा २८७) | पब्लिक र ५० करोडभन्दा बढी अधिकृत पुँजी भएका प्राइभेट कम्पनीका अध्यक्ष, सञ्चालक, सि.ई.ओ र कम्पनी सचिवले आर्थिक वर्ष सकिएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्छ, नबुझाएमा रु. ५ हजार जरिबाना हुनेछ । | प्राइभेट कम्पनीहरूका पदाधिकारीहरूलाई यो व्यवस्थाबाट पूर्ण रूपमा छुट दिइनु उपयुक्त हुन्छ, किनकि उनीहरूको नियमन प्रचलित कर कानुन र सम्पत्ति शुद्धीकरण निवारण ऐनले गरि रहेकै हुन्छ ।<br><br>यदि पदाधिकारीहरूले अन्य कुनै सरकारी निकायमा आफ्नो सम्पत्ति वा आयको विवरण पेश गरिसकेका छन् भने, कम्पनी रजिस्ट्रारको कार्यालयमा पुन: छुै विवरण बुझाउनु नपर्ने गरी प्रणालीगत समन्वय गरिनुपर्छ । |

## भाग ४ : व्यवसाय पुनरसंरचना

| दफा, उपदफा | विवरण | संगठनको सुझाव |
|---|---|---|
| ४.१. ठूलो परिमाणमा व्यवसाय बेच्ने/हस्तान्तरणमा नियन्त्रण ( दफा १९९(१) (क) | कम्पनीले सञ्चालन गरेको व्यवसायको सत्तरी प्रतिशतभन्दा बढी हिस्सा बिक्री, दान वा अन्य तरिकाले हक हस्तान्तरण गर्न साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी स्वीकृति लिनुपर्नेछ । | ऐन वा नियमावलीमा "व्यवसायको सत्तरी प्रतिशत हिस्सा भन्नाले कम्पनीको पछिल्लो लेखापरीक्षण प्रतिवेदन अनुसारको कुल सम्पत्ति वा कुल वार्षिक कारोबार मध्ये जुन बढी हुन्छ, सोको सत्तरी प्रतिशत सम्झनुपर्छ" भनी स्पष्ट र मापनयोग्य परिभाषा राखिनुपर्छ । |
| ४.२. मुख्य र सहायक कम्पनीबीचको सम्बन्ध ( दफा २००, २०१ र २०२) | दफा २०० मा मुख्य कम्पनीले सहायक कम्पनीमाथि नियन्त्रण राख्ने अवस्था (संचालक समिति गठनमा प्रभाव वा पचास प्रतिशत सेयर धारण) परिभाषित गरिएको छ । दफा २०१ बमोजिम मुख्य र सहायक कम्पनीबीच व्यापारिक कारोबार तथा क्रस-लगानीमा प्रतिबन्ध लगाइएको छ साथै होल्डिङ कम्पनी र सहायक कम्पनीले एउटै वस्तु वा सेवामा आपसी व्यापारिक कारोबार गर्न नपाउने व्यवस्था समेत प्रस्ताव गरिएको छ । दफा २०२ अनुसार मुख्य कम्पनीको वासलातमा सहायक कम्पनीको वित्तीय विवरण समावेश गर्नुपर्नेछ । | मुख्य र सहायक कम्पनीबीच व्यापारिक कारोबार र क्रस-लगानीमा पूर्ण प्रतिबन्ध लगाउनुको स । "त्यस्तो कारोबार स्वतन्त्र पक्षहरूबीच हुने सामान्य बजार मूल्य र व्यावसायिक सर्त (Arms Length Principle) अनुसार हुनुपर्नेछ" भनी लेखिनुपर्छ ।<br><br>आपसी कारोबार वा लगानीलाई लुकाउन नदिनका लागि त्यस्ता सबै कारोबार हरुको पूर्ण र स्पष्ट विवरण वार्षिक प्रतिवेदन र वित्तीय विवरणमा अनिवार्य |

| | | |
|---|---|---|
| | | रूपमा खुलाउनुपर्ने र सोको जानकारी कम्पनी रजिस्ट्रारको कार्यालयलाई ३० दिनभित्र दिनुपर्ने व्यवस्था गरे पुग्छ, जसले सुशासन र व्यवसाय दुवैलाई सँगै लै जान्छ। |
| ४.३. सम्बद्ध पक्षसँगको कारोबारमा नियन्त्रण ( दफा २०३-२०४) | सम्बन्धित पक्षसँगको कारोबार गर्नुअघि सञ्चालक समितिको लिखित स्वीकृति अनिवार्य हुनेछ र त्यस्तो कारोबारको विवरण ३० दिनभित्र कम्पनी र जिस्ट्रारको कार्यालयमा पेश गर्नुपर्नेछ । साथै, अर्को कम्पनीलाई ऋण/जमानत/लगानी दिने सीमा चुक्ता पुँजी र संचित मुनाफाको सा्ठी प्रतिशत तथा संचित मुनाफा (फ्री रिजर्भ) को शतप्रतिशत मध्ये जुन बढी हुन्छ सोका आधारमा तोकिएको छ । | सामान्य व्यावसायिक प्रकृतिका र निर्धारित सीमा भन्दा कम मूल्यका साना कारोबारहरूलाई सञ्चालक समितिको पूर्वस्वीकृति र ३० दिने ओसिआर दर्ता प्रक्रियाबाट छुट दिइनुपर्छ । यस्ता कारोबार हरूलाई वर्षको एकै पटक वार्षिक प्रतिवेदनमा खुलाए पुग्ने व्यवस्था गरि नुपर्छ।<br><br>ऋण, जमानत वा लगानी दिने ६०% वा १००% को सीमालाई बाध्यात्मक बनाउनु हुँदैन । यदि कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी बहुमत शेयर धनीहरूले स्वीकृति दिन्छन् भने, तोकिएको सीमाभन्दा बढी पनि ऋण वा जमानत दिन पाउने लचिलो व्यवस्था थपिनुपर्छ । |
| ४.४. विलय वा प्राप्ति (दफा २३६-२४२) | दफा २३६ बमोजिम दुई वा सोभन्दा बढी कम्पनी आपसमा विलय हुन वा एउटाले अर्कोलाई प्राप्ति ( खरिद) गरी एउटै कम्पनीमा परिणत भई निरन्तर कारोबार गर्न सक्ने व्यवस्था छ । दफा २३७ अनुसार संयुक्त प्रारम्भिक प्रस्ताव तयार गरी संयुक्त विलय/ प्राप्ति समिति गठन गर्नुपर्ने, नयाँ कम्पनीको नाम, सेयर संरचना, कर्मचारी व्यवस्था लगायतका विवरण समावेश गर्नुपर्ने र साधारण सभाबाट दुई तिहाई बहुमतले स्वीकृत हुनुपर्नेछ । दफा २३८ बमोजिम कार्यालय समक्ष संयुक्त निवेदन दिई सै द्धान्तिक सहमति लिनुपर्नेछ, र दफा २३९ अनुसार अनुमतिप्राप्त मूल्याकंनकर्ताबाट पुँजी, खुद सम्पत्ति, सेयर स्वाप रेसियो, वित्तीय सूचक आदिको मूल्याकंन गराउनुपर्नेछ । दफा २४० बमोजिम सेयर धनी/ऋणदाताको हित संरक्षण, वित्तीय अवस्था, संस्थागत सुशासनको प्रतिबद्धता आदि समेटी सम्झौ ता गरी साधारण सभाबाट (दुई तिहाई बहुमत) स्वीकृत गर्नुपर्नेछ । दफा २४१ अनुसार सम्झौता भएको ३० दिनभित्र कार्यालयमा निवेदन दिई अन्तिम स्वीकृति लिनुपर्नेछ एकाधिकार वा सार्वजनिक हितविपरीत देखिए कार्यालयले स्वीकृति नदिनेछ । दफा २४२ बमोजिम विलय/प्राप्ति सम्बन्धी स्रेस्ता तथा कागजात कम्तीमा ५ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ । | शतप्रतिशत वा मुख्य शेयरधनीहरूको आपसी सहमति भएका प्राइभेट कम्पनीहरू र साना पब्लिक कम्पनीहरूका लागि यो बहुचरणको व्यवस्था हटाएर “एकै पटक साधारण सभाको विशेष प्रस्ताव र मूल्यांकन प्रतिवेदन पेश गरी सिधै अन्तिम स्वीकृति लिन पाउने“ सरलीकृत प्रक्रिया लागू गरिनुपर्छ ।<br><br>प्रारम्भिक चरणमा सञ्चालक समितिलाई मर्जरको गृहकार्य र वार्ता गर्ने अख्तियारी दिई, अन्तिम सम्झौता र स्वाप रेसियो तयार भइसकेपछि “एकै पटक साधारण सभाबाट विशेष प्रस्ताव पारित गरे पुग्ने“ व्यवस्था गरिनुपर्छ, जसले गर्दा दोहोरो साधारण सभा डाक्ने खर्च र समय बचत हुन्छ ।<br><br>दफा २४१ मा रहेको एकाधिकार वा प्रतिस पर्धा सम्बन्धी विषयलाई “प्रचलित प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण कानून बमोजिम हुनेछ“ भनी स्पष्ट पारिनुपर्छ । |

| दफा, उपदफा | विवरण | संगठनको सुझाव |
|---|---|---|
| ५.१. रजिस्ट्रारको अधिकार (दफा २४८ र २४९) | दफा २४८ बमोजिम रजिस्ट्रारलाई कम्पनी दर्ता, अभिलेख राख्ने, विवरण/लेखापरीक्षण प्रतिवेदन तोकिएको म्यादभित्र पेस नगरे जरिबाना गर्ने, निर्देशन दिने, नियामक निकायसँग समन्वय गर्ने अधिकार दिइएको छ । दफा २४९ अनुसार विशेषीकृत नियामक निकाय नभएका कम्पनीको नियमन र प्रशासन रजिस्ट्रारले गर्नेछ साथै सम्पति शुद्धीकरण/आतंककारी वित्तीय क्रियाकलाप रोकथाम सम्बन्धी मापदण्ड पालना गर्न निर्देशन दिन सक्नेछ । | विवरण वा लेखापरीक्षण प्रतिवेदन बुझाउन ढिलाइ भएमा सिधै जरिबाना गर्नुको सट्टा, रजिस्ट्रारले कम्पनीलाई कम्तीमा ३० दिनको लिखित वा डिजिटल पूर्व-सूचना दिई गल्ती सच्याउने अवसर दिनुपर्ने व्यवस्था अनिवार्य गरिनुपर्छ ।<br><br>रजिस्ट्रारले गरेका जरिबाना वा दिएका निर्देशनहरु अन्यायपूर्ण लागेमा कम्पनीहरुले ३५ दिनभित्र सहज रुपमा अदालत वा उच्चस्तरीय पुनरावेदन समितिमा उजुरी दिन पाउने र सोको निरुपण नभएसम्म रजिस्ट्रारको निर्णय स्थगन हुने स्पष्ट कानुनी ग्यारेन्टी हुनुपर्छ ।<br><br>रजिस्ट्रारको अधिकारलाई व्यक्ति-केन्द्रित बनाउनुको सट्टा प्रविधि-केन्द्रित बनाइनुपर्छ । |
| ५.२. कानून उल्लंघन भएमा निरीक्षण तथा निर्देशन (दफा २५० र २५२) | दफा २५० बमोजिम कानून/प्रबन्धपत्र/नियमावली विपरीत काम गरेको सूचना पाएमा रजिस्ट्रारले जाँचबुझ गरी निर्देशन दिन सक्नेछ निर्देशन उल्लंघन गरे कम्पनीलाई रोक्का सूचीमा राख्न सक्नेछ । दफा २५२ अनुसार शेयरधनी (चुक्ता पुँजीको दश प्रतिशत वा शेयरधनी संख्याको पच्चिस प्रतिशत) वा ऋणदाताको उजुरीमा, वा ठगी/जालसाजी/सार्वजनिक हितविपरीत काम भएको जानकारी पाएमा रजिस्ट्रारले आफैं पनि निरीक्षण गराउन सक्नेछ । | कम्पनीलाई रोक्का सूचीमा राख्नुअघि "कम्पनीलाई आफ्नो पक्ष स्पष्ट पार्न कम्तीमा १५ कार्यदिनको म्याद दिई स्पष्टीकरण सोध्नुपर्ने र सुनुवाइको उचित मौका दिनुपर्नेछ" भनी कानुनी ग्यारेन्टी गरिनुपर्छ।<br>ऐनमा "सार्वजनिक हितविपरीत" जस्ता अमूर्त शब्द हटाएर प्रचलित कानुन बमोजिमको "राजस्व चुहावट, बैंकिङ अपराध, वा सम्पत्ति शुद्धीकरण सम्बन्धी गम्भीर कसुर" भएको वस्तुगत प्रमाण वा जानकारी प्राप्त भएमा मात्र रजिस्ट्रारले आफैं निरीक्षण गराउन सक्नेछ भनी किटानी गरिनुपर्छ ।<br><br>जुनसुकै ऋणदाताले उजुरी गर्न पाउने व्यवस्थालाई परिमार्जन गरी "कम्पनीको कुल दायित्वको कम्तीमा १० प्रतिशत वा सोभन्दा बढी ऋण रकम दाबी गर्ने ऋणदाताहरुले" संयुक्त रुपमा स्पष्ट प्रमाण सहित उजुरी दिएमा मात्र निरीक्षण प्रक्रिया अगाडि बढाउने मापदण्ड बनाउनुपर्छ । |

| | | |
|---|---|---|
| ५.३. अनलाइन प्रणाली र विद्युतीय कारोबार (दफा २६१-२६४) | कम्पनी दर्ता/प्रशासन सम्बन्धी सम्पूर्ण सेवा अनलाइन प्रणाली मार्फत सञ्चालन गरिनेछ डिजिटल हस्ताक्षर प्रयोग हुनेछ झुटो विवरण पेस गर्न नहुने (दफा २६३) र प्रणालीसम्बन्धी नलेखिएको विषयमा प्रचलित विद्युतीय कारोबार कानून लागू हुनेछ । | शतप्रतिशत अनलाइन प्रणालीलाई तुरुन्तै बाध्यकारी बनाउनुको सट्टा आगामी २ देखि ५ वर्षसम्मका लागि अनलाइन र भौतिक (कागजी) दुवै माध्यमबाट कार्य गर्न पाउने लचिलो व्यवस्था गरिनुपर्छ । ताकि साना उद्यमीहरु बिस्तारै डिजिटल प्रणालीमा अभ्यस्त हुन सकून ।<br><br>ऐनमै स्पष्ट रूपमा "यदि कम्पनी र जिस्ट्रारको कार्यालयको अनलाइन प्रणाली वा सर्भरमा आएको प्राविधिक समस्या वा गडबडीका कारण तोकिएको म्यादभित्र विवरण पेश हुन नसकेमा, सो अवधिभर कम्पनीलाई कुनै पनि जरिबाना वा हर्जाना लाग्ने छैन र प्रणाली सुचारु भएको मितिबाट थप म्याद प्रदान गरिनेछ" भनी लेखिनुपर्छ<br><br>अनलाइन प्रणालीको सञ्चालन सम्बन्धी दफामा कार्यालयले प्रयोग गर्ने सर्भर र डाटाको सुरक्षा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार हुने र डाटा सुरक्षित राख्ने पूर्ण जिम्मेवारी कार्यालयको हुनेछ भनी राज्यको जवाफदेहिता समेत किटानी गरिनुपर्छ । |
| ५.४. कसुर र जरिबाना ( दफा २६८, २६९ र २७४) | दफा १३६, १९२, १९३ बमोजिमको वार्षिक विवरण/कागजात तोकिएको म्यादभित्र पेस नगरे चुक्ता पुँजीको आकार अनुसार क्रमश: बढ्दो दरमा रु. पाँचसयदेखि तीन हजारसम्म सुरुमा, थप ६ महिनामा दोब्बर सम्म, त्यसपछि प्रत्येक वर्ष थप २५% जरिबाना हुनेछ । रजिस्ट्रारको निर्देशन पालना नगरे रु. १०,०००-३०,००० जरिबाना सि.एस.आर कोषमा रकम जम्मा नगरे खुद मुनाफाको १.५% बराबर (नियमित नगरे दोब्बर) जरिबाना हुनेछ । दफा २६९ बमोजिम जरिबाना गर्ने अधिकार रजिस्ट्रारलाई रहनेछ र ३५ दिनभित्र अदालतमा पुनरावेदन गर्न सकिनेछ । दफा २७४ मा गम्भीरता अनुसार तीन तहमा कसुर वर्गीकरण गरिएको छ: (१) १-३ वर्ष कैद वा रु. १-३ लाख जरिबाना (जस्तै कम्पनी दर्ता नगरी कारोबार, सम्पत्ति हिनामिना, झुटो विवरण, सम्बद्ध पक्ष कारोबार उल्लंघन आदि) (२) ३ महिना-१ वर्ष कैद वा रु. ५०,०००-२ लाख जरिबाना (जस्तै प्राइभेट/पब्लिक रूपान्तरण नगर्ने, गलत सेयर निष्कासन, राजनीतिक | देवानी र फौजदारी कसुरको प्रष्ट विभाजन गनुपर्छ । कैदको सजाय पूर्ण रुपमा हटाइनुपर्छ ।<br><br>सिएसआर कोषमा रकम जम्मा नगरेमा वा खर्च नगरेमा खुद नाफामा जरिबाना गर्नुको सट्टा "सिएसआर अन्तर्गत खर्च गर्नुपर्ने तोकिएको रकम (जस्तै १%) बराबरको रकम वा सोको निश्चित प्रतिशत मात्र जरिबाना हुने र सो रकम अनिवार्य रूपमा राज्यको तोकिएको सामाजिक कोषमा जम्मा गरिनेछ" भनी लेखिनु न्यायसंगत हुन्छ ।<br><br>विगत लामो समयदेखि विवरण बुझाउन नसकेका वा निष्क्रिय रहेका कम्पनीहरुका लागि वर्षमा एक पटक "न्यूनतम जरिबाना बुझाएर कम्पनी बन्द |

| | | |
|---|---|---|
| | दललाई आर्थिक सहायता, अनधिकृत ऋण आदि) (३) रु. ५०,०००-१ लाख जरिबाना मात्र (जस्तै गलत विवरण, साधारण सभा नबोलाउने, लेखापरीक्षण नगर्ने/नगराउने, निरीक्षणमा असहयोग, सि.एस.आर रकम नछुट्याउने आदि) । | गर्न पाउने वा ब्युँताउन पाउने ऐनमै सुनिश्चित गरिनुपर्छ । |
| ५.५. हानि-नोक्सानी असुली र हदम्याद (दफा २७५-२७७) | हानि-नोक्सानी असुली, मुद्दाको सुनुवाइ/निरूपणको अधिकार अदालतलाई रहनेछ उजुरी गर्ने हदम्याद सामान्यत: थाहा पाएको मितिले २ वर्ष हुनेछ । | उजुरी गर्ने हदम्याद घटना भएको मितिले बढीमा ३ वर्ष वा सो कुरा थाहा पाएको मितिले १ वर्ष (जुन पहिले आउँछ) हुनेछ" भनी लेखिनु उपयुक्त हुन्छ । यसले गर्दा वर्षौं पुराना विषय उठाएर ब्ल्याकमेल गर्ने बाटो बन्द हुन्छ ।<br><br>जुनसुकै वा १ कित्ता मात्र शेयर भएको व्यक्तिले पनि सिधै अदालत गई हानि-नोक्सानी असुलीको मुद्दा हाल्न पाउने व्यवस्थालाई परिमार्जन गरी "कुल चुक्ता पुँजीको कम्तीमा ५ वा १०<br>प्रतिशत शेयर हिस्सा भएका शेयर धनीहरूले मात्र" सामूहिक रूपमा यस्तो उजुरी दर्ता गर्न पाउने व्यवस्था गर्नुपर्छ ।<br><br>कर्पोरेट र व्यावसायिक विवादहरूको संवेदनशीलतालाई ध्यानमा राख्दै यस्ता हानि-नोक्सानी असुली सम्बन्धी मुद्दाहरूको छिनोफानो वाणिज्य इजलास मार्फत अधिकतम ६ महिनाभित्र गरिसक्नुपर्ने यवस्था ऐन उपयुक्त हुन्छ । |

## अन्य

| | | |
|---|---|---|
| दफा ४४ | प्रिमियममा शेयर निष्कासन | यस व्यवस्थाअनुसार निजी कम्पनीले पनि प्रिमियममा शेयर निष्कासन गर्न नेपाल धितोपत्र बोर्डको स्वीकृति लिनुपर्ने देखिन्छ, जुन तर्कसंगत छैन। कम्पनी ऐनको दफा २९ मा रहेको व्यवस्था उपयुक्त भएकाले सोही व्यवस्था कायम राखिनुपर्छ। |
| दफा ८९ | शेयर हस्तान्तरण शुल्क | हस्तान्तरण गरिने शेयरको मूल्य रु. २५ लाख वा सो भन्दा बढी भएमा १% शेयर हस्तान्तरण शुल्क लाग्ने व्यवस्था गरिएको छ । पूँजीगत लाभकर को छँदै व्यवस्था भएकाले यो शुल्क हटाइनुपर्छ । |

| | | |
|---|---|---|
| **दफा ११ (२)** | **वार्षिक साधारण सभाको सूचना** | सबै कम्पनीका लागि वार्षिक साधारण सभाको २१ दिन अगावै सूचना दिनुपर्ने व्यवस्था गरिएको छ । पहिले यो व्यवस्था सार्वजनिक कम्पनीका लागि मात्र थियो । यसबाट निजी कम्पनीले पनि राष्ट्रिय स्तरको पत्रिकामा साधारण सभाको सूचना प्रकाशित गर्नुपर्ने देखिन्छ, जुन हटाइनुपर्छ । निजी कम्पनीका लागि इमेल वा अन्य उपयुक्त माध्यमबाट सदस्यलाई सूचना दिनु पर्याप्त हुन्छ । |
| **दफा १४४** | **सञ्चालकले शेयर धारण गर्नुपर्ने** | सबै सञ्चालकले न्यूनतम शेयर धारण गर्नुपर्ने उल्लेख गरिएको छ। यसका आधारमा स्वतन्त्र सञ्चालकले पनि शेयर धारण गर्नुपर्ने अवस्था सिर्जना हुन्छ, जुन कम्पनी ऐनको दफा १३७(३) सँग बाझिन्छ । त्यसैले प्रचलित कम्पनी ऐनको दफा ८८ को व्यवस्था यथावत् कायम राख्नु उपयुक्त हुन्छ । |
| **दफा १९९ (१) ख** | **ऋण लिने सम्बन्धी प्रतिबन्ध** | निजी कम्पनीले आफ्नो चुक्ता पूँजी तथा जगेडा कोषभन्दा बढी ऋण लिन वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव पारित गर्नुपर्ने व्यवस्था गरिएको छ । सामान्यतया बैंकहरूले इक्विटीको करिब चार गुणासम्म वित्तीय सुविधा उपलब्ध गराउने भएकाले सञ्चालक समितिको निर्णय मात्र पर्याप्त हुनुपर्छ । |
| **दफा २३४ (२)** | **ऋण वा दायित्वको भुक्तानी वा हस्तान्तरण** | कम्पनीको सम्पत्तिबाट सबै ऋण वा दायित्व भुक्तानी गरिसकेपछि पनि कुनै दायित्व बाँकी रहेमा सो दायित्व सञ्चालक, प्रमुख कार्यकारी अधिकृत लगायतका पदाधिकारीले व्यक्तिगत रूपमा व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ । यो कम्पनीको सीमित दायित्वको आधारभूत सिद्धान्त विपरीत छ । |

| | | |
|---|---|---|
| **दफा २४३** | **संस्थागत सामाजिक उत्तरदायित्व कोष** | नाफाको १% संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याई जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ । औ घोगिक व्यवसाय ऐन, २०७४ को दफा ५४ मा पनि यस्तै व्यवस्था रहेको छ । एउटै विषयमा दुई फरक ऐनमा समान व्यवस्था हुँदा अन्योल तथा कानुनी विवाद उत्पन्न हुन सक्छ । |
| **दफा २८३** | **ऋणदाता वा कानुन व्यवसायीले जानकारी गोप्य राख्नुपर्नेछ (जानकारी खुलासा गर्न नहुने) ।** | ऋणदाता वा कानुन व्यवसायीले कुनै पनि अवस्थामा कम्पनीको जानकारी खुलासा गर्न नपाउने व्यवस्था गरिएको छ । यसको सट्टा कानूनले आवश्यक ठहर गरेको अवस्थामा बाहेक भन्ने व्यहोरा थप्नु उपयुक्त हुन्छ । |
| **दफा २८७** | **सम्पत्तिको विवरण उपलब्ध गराउनुपर्नेछ / पेश गर्नुपर्नेछ** | सम्पत्तिको विवरण पेश गर्नुपर्ने व्यवस्था गर्नुको सट्टा प्रत्येक वर्ष व्यक्तिगत आयकर विवरण पेश गर्नुपर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ। |

# १३७औं श्रमिक दिवशमा श्रमिकको सम्मान

१३७औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (मई दिवस) को अवसरमा उद्योग संगठन मोरङले वैशाख १८ गते श्रमिक सम्मान तथा शुभकामना आदान-प्रदान कार्यक्रम गरेको छ । विश्वभरका श्रमिकहरूका लागि विशेष मानिने यस दिनको अवसरमा, श्रमिक र रोजगारदाता बीचको सहकार्यलाई प्रोत्साहन गर्दै, सुनसरी-मोरङ औद्योगिक करिडोरको उद्योगमा कार्यरत तीन जना श्रमिकलाई उद्योगमा दीर्घ सेवा पुऱ्याए वापत सम्मान गरिएको हो ।



सम्मानित श्रमिकहरूमा नेपाल लिकर्स प्रा.लि.मा २५ वर्ष देखि कार्यरत मायावती थारु, स्वस्तिक जुट मिल ईण्ड. प्रा.लि.मा २५ वर्ष देखि कार्यरत मोहम्मद ईद्रिस मिया, जयश्री पोलीमर्स प्रा.लि.मा २० वर्ष देखि कार्यरत सीतादेवी लामिछाने रहनु भएको छ ।

उक्त ३ जना श्रमिकहरूलाई संगठनका अध्यक्ष नन्दकिशोर राठी, निवर्तमान अध्यक्ष राकेश सुराना, वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल, उपाध्यक्ष विपिन कावरा, सुवोध कोइराला, पूर्व अध्यक्षहरु तथा ट्रेड युनियनका प्रदेश तथा जिल्ला

कमिटीका अध्यक्षहरुले संयुक्त रुपमा सम्मान-पत्र सहित नगद प्रदान गर्नु भएको थियो ।

शुभकामना आदान प्रदान कार्यक्रममा संगठनका अध्यक्ष नन्दकिशोर राठीले श्रमिक दिवस संघर्ष, एकता, अधिकार र सामाजिक न्यायको प्रतीकका रूपमा स्थापित ऐतिहासिक दिन भएको वताउदै सम्पूर्ण श्रमिकहरु प्रति सम्मान व्यक्त गर्नुभयो ।

सो अवसरमा संगठनका पूर्व अध्यक्षहरु, निवर्तमान अध्यक्ष, पदाधिकारीहरु, कार्यसमिति सदस्यहरु, उद्योगी/व्यवसायीहरु, नेपाल ट्रेड युनियन कांग्रेस, जिफन्ट, अखिल नेपाल ट्रेड युनियन महासंघ लगायतका अन्य विभिन्न ट्रेड युनियनका प्रदेश तथा जिल्ला कमिटिका अध्यक्ष, पदाधिकारीहरु, कार्यसमिति सदस्यहरुका साथै विभिन्न उद्योग प्रतिष्ठानका श्रमिकहरुको सहभागिता रहेको थियो ।

## सि.आई.एम नेपाल मानव संसाधन सम्मेलनको दोश्रो संस्करण सम्पन्न

नेपालको औद्योगिक विकासलाई दिगो, प्रतिस्पर्धी तथा उत्पादनमुखी बनाउन सक्षम र दक्ष जनशक्ति विकास र क्षमता वृद्धि गर्ने उद्देश्यका साथ आयोजित सि.आई.एम नेपाल मानव संसाधन सम्मेलन २०२६ को दोस्रो संस्करण वैशाख २५ र २६ गते विराट चोक स्थित होटल नेपालीरिकामा सम्पन्न भयो ।



उद्योग, शिक्षा र सरकारी क्षेत्रबीच समन्वयमार्फत दक्ष जनशक्ति विकास गर्ने मूल उद्देश्यसहित आयोजित दुईदिने सम्मेलनमा उद्योगी व्यवसायी, नीति निर्माता, शिक्षाविद्, मानव संसाधन विज्ञ तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको छ ।

कार्यक्रमको समुद्घाटनमा कोशी प्रदेश सरकारका सामाजिक विकास मन्त्री रामप्रसाद महतोले वर्तमान समयको आर्थिक तथा औद्योगिक प्रतिस्पर्धामा सक्षम, दक्ष र उत्तरदायी मानव संसाधनको भूमिका अत्यन्त महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । उहाँले शिक्षा, सीप विकास र उद्योगबीचको समन्वयलाई सुदृढ गर्दै युवालाई रोजगारी र उद्यमशीलतासँग जोड्न प्रदेश सरकार प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संगठनका अध्यक्ष नन्दकिशोर राठीले उद्योग र श्रम बजारबीचको दूरी घटाउने, नयाँ सीपको मागअनुसार जनशक्ति तयार पार्ने तथा उद्योग आफैंले दक्ष जनशक्ति निर्माण गर्ने संस्कार विकास गर्ने लक्ष्यका साथ कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

सम्मेलनमा सञ्चालन भएको १० वटा विभिन्न सत्रहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूले बहुराष्ट्रिय कम्पनीहरूको अभ्यास, प्रविधिगत परिवर्तनको प्रभाव, डिजिटल एचआर प्रणाली, कर्मचारी स्थायित्व, श्रम ऐन तथा औद्योगिक विकासमा मानव संसाधनको भूमिकाबारे आफ्नो अनुभव र धारणा प्रस्तुत गर्नुका साथै मोटिभेशनल स्पीकरले सफलताका सुत्रहरु का वारेमा प्रकाश पार्नु भयो ।

कार्यक्रमलाई स्विस सरकार अन्तर्गतको इन्स्योर हेल्भेटास, एनभीक्यूएस, क्वालिटी परियोजनाको प्राविधिक सहयोग रहेको थियो भने टाइटल स्पोन्सर कुमारी जब्स प्रा.लि., सिल्भर स्पोन्सर रिगो एचआरले गरेको थियो । सम्मेलनमा सुनसरी मोरङ औद्योगिक करिडोरमा अवस्थित विभिन्न उद्योग प्रतिष्ठानका संचालक, व्यवस्थापक, मानव संशाधन प्रमुख, विभिन्न विश्वविद्यालयका प्राज्ञिक वर्ग, विकास साझेदार संस्थाका प्रतिनिधिहरु गरि १५० जनाको सहभागिता रहेको थियो ।

# महिलाहरुको नि:शुल्क स्वास्थ्य परीक्षण




महिलाहरूलाई लक्षित गरी पाठेघर तथा ब्रेस्ट क्यान्सर सम्बन्धी नि:शुल्क स्वास्थ्य परीक्षण तथा सचेतना शिविर उद्योग संगठन मोरङ, महिला उद्यम समितिको आयोजना, विराट नर्सिङ होमको सहयोग तथा बर्जु गाउपालिकाको समन्वयमा शिविर बर्जुमा सञ्चालन गरिएको थियो ।

विराट नर्सिङ होमका गाईनोलोजिष्ट डा. दिपक यादवको नेतृत्वको स्वास्थ्यकर्मी टोलीले महिलाहरुको नि:शुल्क स्वास्थ्य परीक्षण तथा आवश्यक परामर्श प्रदान गरेको शिविरमा संगठनका अध्यक्ष नन्दकिशोर राठीले स्वस्थ्य महिला, स्वस्थ परिवार र समृद्ध समाजको आधार हुने भएकाले महिलाहरु आफनो स्वास्थ्य प्रति सजग भई नियमित परीक्षण गराउने बानीको विकास गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

उद्योग संगठन मोरङ महिला उद्यम समिति इन्चार्ज किरण ब्यासले समितिले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सचेतनामूलक तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । त्यसैगरी महिला उद्यम समितिको संयोजक जयन्ती आचार्यले महिलाहरुमा स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्न, समयमै रोग पहिचानमा सहयोग पुऱ्याउन तथा आवश्यक परामर्श प्रदान गर्न शिविर सञ्चालन गरिएको बताउनु भयो ।

विराट नर्सिङ होमकी प्रतिनिधि एवं महिला समिति सदस्य बिमला थापाले स्वास्थ्य सेवा सबै नागरिकको पहुचमा पुग्नुपर्ने आवश्यकता औंल्याउदै ग्रामीण क्षेत्रका महिलाहरूलाई लक्षित गरी आगामी दिनमा यस प्रकारको शिविर अन्य स्थानमा पनि सञ्चालन गर्ने बताउनु भयो ।

# राष्ट्रिय माध्यमिक विद्यालय इटहरीमा बिजनेश एट स्कुल कार्यक्रम




उद्योग संगठन मोरङको आयोजनामा “बिजनेश एट स्कुल” कार्यक्रम इटहरीस्थित राष्ट्रिय माध्यमिक विद्यालयमा जेठ २६ गते सम्पन्न भयो । कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई उद्यमशीलता, व्यवसाय तथा करियर विकास सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा विद्यार्थीहरुलाई व्यवसाय, उद्योग तथा उद्यमशीलताप्रति आकर्षित गराउने उद्देश्यले विभिन्न विषयगत सत्र तथा गतिविधिहरु सञ्चालन गरिएका थिए । करियर काउन्सिलिङ जोन मार्फत विद्यार्थीहरुले आफनो रुचि, क्षमता

र भविष्यको अध्ययन तथा पेशागत अवसरका बारेमा विशेषज्ञहरूसंग प्रत्यक्ष परामर्श लिने अवसर प्रदान गरिएको थियो। त्यसैगरी, मिनी इण्डष्ट्रिज जोनमा विभिन्न उद्योगका उत्पादन, उत्पादन प्रक्रिया तथा औद्योगिक गतिविधिबारे जानकारी दिइएको थियो ।

ट्रेनिङ एण्ड आइडिया पिच सत्रमा विद्यार्थीहरूले आफना नवीन व्यवसायिक अवधारणाहरू प्रस्तुत गरेका थिए। सहभागीहरूले आफना सिर्जनात्मक तथा नवप्रवर्तनयुक्त व्यवसायिक योजनाहरू प्रस्तुत गर्दै विशेषज्ञहरूबाट सुझाव तथा प्रतिक्रिया प्राप्त गरेका थिए । स्टोरी टेलिङ सेसनमा सफल उद्यमी तथा व्यवसायिक व्यक्तित्वहरूले आफना संघर्ष, सफलता र अनुभवहरू विद्यार्थीहरूसंग साझा गरेका थिए । कार्यक्रमको अर्को आकर्षणका रूपमा रहेको विशेषज्ञसंग परामर्श सत्रमा विद्यार्थीहरूले व्यवसाय, अध्ययन, सीप विकास, रोजगारी तथा उद्यम सञ्चालनसँग सम्बन्धित जिज्ञासाहरू विज्ञहरूसंग प्रत्यक्ष राख्ने अवसर पाएका थिए ।

उद्योग संगठन मोरङले विद्यालय तहदेखि नै विद्यार्थीहरूमा उद्यमशील सोच, नवप्रवर्तन र आत्मनिर्भर बन्ने संस्कार विकास गर्ने उद्देश्यले “बिजनेश एट स्कुल” कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रमले विद्यार्थीहरूलाई परम्परागत रोजगारी खोज्ने मानसिकता भन्दा पनि अवसर सिर्जना गर्ने उद्यमी बन्न प्रेरित गरेको छ ।

## सीप उत्सव-युवालाई करियर र उद्योगको प्रत्यक्ष अनुभव

युवा तथा विद्यार्थीहरूलाई सीप, करियर तथा उद्योगसंग जोड्ने उद्देश्यका साथ उद्योग संगठन मोरङको आयोजनामा, स्विस सरकारको आर्थिक सहयोग, इन्स्योर/हेल्भेटास नेपालको प्रँविधिक सहयोग तथा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वयमा सीप उत्सवको दोश्रो संस्करण जेष्ठ ३१ गते सम्पन्न भयो ।




सीपका लागि उद्योग, करियरका लागि भविष्य भन्ने मूल नाराका साथ आयोजना गरिएको उत्सवमा झापा, मोरङ र सुनसरीका २५ विद्यालय तथा प्राविधिक शिक्षालयका करिब एक हजार भन्दा बढी विद्यार्थीहरूको सहभागिता रहेको थियो । उत्सवलाई विद्यार्थीहरूको करियर यात्राका रूपमा डिजाइन गरिएको थियो, जहा सहभागीहरूले सिकाइका क्षेत्रहरु हुदै आफनो रुचि, क्षमता, सम्भावित करियर तथा उद्योगसंगको सम्बन्ध बारे प्रत्यक्ष अनुभव हासिल गरेका थिए ।

समापन कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले उद्योग क्षेत्रमा आवश्यक दक्ष जनशक्ति अभाव र शिक्षाबाट उत्पादित जनशक्तिको सीपबीच रहेको अन्तरलाई कम गर्ने उद्देश्यले संगठनले अप्रेन्टिसीप कार्यक्रम तथा सीप उत्सव जस्ता अभियान सञ्चालन गर्दै आएको बताउनु भयो । उहाले विद्यार्थीहरूलाई उद्योगको वास्तविक वातावरण, करियर सम्भावना तथा सीप विकासका अवसरसंग प्रत्यक्ष जोड्न सफल भएको उल्लेख गर्दै दक्ष जनशक्ति विकासमा नीजि क्षैत्रपनि अग्रसर हुनु पर्ने धारणा राख्नु भयो ।

समापनका प्रमुख अतिथि कोशी प्रदेश सामाजिक विकास मन्त्रालयका मन्त्री राम प्रसाद महतोले सीपयुक्त जनशक्ति निर्माण आजको आवश्यकता भएको उल्लेख गर्दै उद्योग र शिक्षाबीचको सहकार्यलाई अझ सुदृढ बनाउनुपर्ने बताउनु भयो । उहाले युवाहरूलाई रोजगार खोज्ने मात्र नभई अवसर सिर्जना गर्ने दिशामा अघि बढ्न प्रेरित गर्दै यस्ता कार्यक्रमले प्रदेशको उद्यमशिलता विकासमा टेवा पुऱ्याउदै नवउद्यमशिलता विकासमा सघाउने विचार व्यक्त गर्नुभयो ।

उत्सव अन्तर्गत प्रेरणादायी सत्र, करियर परीक्षण, करियर काउन्सिलिङ, करियर ट्री, मेरो देश मेरै उत्पादन, प्रत्यक्ष तालिम अनुभव, सीप प्रतिस्पर्धा, नवप्रवर्तन तथा उद्यमशीलता प्रदर्शनी लगायतका गतिविधि सञ्चालन गरिएका थिए । साथै सीप प्रतिस्पर्धामा अटोमोवाइल क्षेत्रबाट महमोहन स्मृति पोलिटेक्नि हातिमुडाका मोहम्मद जेसन अन्सारी, होटल म्यानेजमेन्ट क्षैत्रबाट नरवहादुर कर्माचार्य वहुप्राविधिक शिक्षालय ईटहरीकी आकृति पौडेल र सूचना प्रविधि क्षैत्रबाट कन्काई पोलिटेक्निक मनिष घिमिरे प्रथम भई स्कील आईकन २०८३ हुन सफल भएका छन । विजेतालाई संगठनका अध्यक्षै नन्द किशोर राठी र कोशी प्रदेशका सामाजिक विकास मन्त्री रामप्रसाद महतोले नगद पुरस्कार र प्रमाण पत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा कोशी प्रदेशका विभिन्न प्राविधिक शिक्षालहरुका साथै नीजि क्षैत्रका संघ/संस्था, विकास साझेदारहरु, विभिन्न विद्यालय तथा कलेजको शिक्षक, विधार्थी र अभिभावकहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

## दक्ष जनशक्ति उत्पादनमा टेवा पुऱ्याउन बोइलर सञ्चालन तालिम

उद्योगहरूमा सुरक्षित र दक्षैतापूर्वक बोइलर सञ्चालनका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालन गरिएको २० दिने बोइलर सञ्चालन सम्बन्धी विशेष तालिम असार ९ गते सम्पन्न भयो ।



उद्योग संगठन मोरङको आयोजना तथा इन्स्योर परियोजनाको प्राविधिक सहयोगमा ए.बी.सी. आयल उद्योग, दुहबीमा आयोजित तालिममा विभिन्न उद्योग/प्रतिष्ठानमा कार्यरत २० जना प्राविधिकहरूको सहभागिता रहेको तालिममा बोइलर सञ्चालनका सैद्धान्तिक ज्ञानसंगै व्यवहारिक सीप प्रदान गरिएको थियो ।

तालिमको समापनमा उद्योग संगठन मोरङका अध्यक्ष नन्द किशोर राठीले उद्योगहरूको उत्पादकत्व वृद्धि, ऊर्जा बचत तथा कार्यस्थल सुरक्षाका लागि दक्ष प्राविधिक जनशक्ति अपरिहार्य रहेको बताए । उनले उद्योग क्षेत्रमा दक्ष जनशक्तिको अभाव चुनौतीका रूपमा देखिएको उल्लेख गर्दै यस्ता तालिमहरूले सीपयुक्त जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

तालिमका प्रशिक्षक किरण मण्डल र उदेश मोदीले बोइलरको आधारभूत सिद्धान्त तथा कार्यप्रणाली, सुरक्षित सञ्चालन प्रक्रिया, ऊर्जा दक्षता अभिवृद्धिका उपायका विषय तालिममा समावेश गरेको जानकारी वताए । साथै नियमित निरीक्षण तथा मर्मतसम्भार, सम्भावित जोखिम व्यवस्थापन र आपतकालीन अवस्थाको सामना गर्ने विधिका सम्वन्धमा सहभागिहरु लाई प्रशिक्षण प्रदान गरेको जानकारी दिए ।

## ५३औं वार्षिक साधारण सभा सम्पन्न

आर्थिक एवं औद्योगिक प्रवर्धन र विकासको माध्यमबाट आर्थिक समृद्धिको लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउदै आएको उद्योग संगठन मोरङको ५३औ वार्षिक साधारण सभा २०८३ असार १२ गते शुक्रवारका दिन सम्पन्न भयो ।

साधारण सभाको उदघाटन कार्यक्रममा संगठनका अध्यक्षै नन्दकिशोर राठीले विदेशी मुद्रा सञ्चिति, बैंकिङ प्रणालीको तरलता तथा ब्याजदरका सूचकहरु सुधारोन्मुख भएतपनि उद्योग, लगानी, उत्पादनका क्षेत्रले अझै अपेक्षित गति

नलिएकाले नीजि क्षेत्रको चुनौती केवल तरलताको नभई विश्वासको पनि भएको बताउनु भयो । उहाले अन्तर्राष्ट्रिय परिस्थितिका कारण आपूर्ति श्रृंखला, ढुवानी तथा उत्पादन लागतमा समेत दबाब सिर्जना भएतापनि निजी क्षेत्र उत्पादन, रोजगारी र आर्थिक गतिविधिलाई निरन्तरता दिन प्रतिबद्ध रहेको धारणा राख्दै सरकार र निजी क्षेत्रबीचको सहकार्यबाट लगानी, उत्पादन र रोजगारीको नयाँ वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनु भयो ।



कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुर कुमार लिङ्थेपले प्रदेशको आर्थिक समृद्धिको आधार निजी क्षेत्र रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीको मनोबल उच्च बनाउने, लगानीमैत्री वातावरण सिर्जना गर्ने तथा उद्योगमैत्री नीति कार्यान्वयनमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहँले उत्पादन वृद्धि, रोजगारी सिर्जना, निर्यात प्रवर्द्धन र औद्योगिक पूर्वाधार विकासमा सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिल सुन्दर श्रेष्ठले निजी क्षेत्रले लगानी वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलताको प्रवर्द्धनमा अग्रणी भूमिका निर्वाह गरेको धारणा राख्नुभयो । उहाले सरकार र निजी क्षेत्रबीच सहकार्य, नीतिगत स्थिरता, लगानीमैत्री वातावरण, पूर्वाधार विकास भएमा नेपालको आर्थिक समृद्धि र दिगो औद्योगिक विकासले गति लिने विश्वास व्यक्त गर्नुभयो ।

उद्योग संगठनका पूर्व अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य सुयश प्याकुरेलले उद्योग संगठन मोरङले निजी क्षेत्रको नेतृत्वदायी संस्थाका रुपमा नीति निर्माणमा खेलेको भूमिका प्रशंसनीय रहेको बताउदै संस्थागत निरन्तरता र दूरदर्शी नेतृत्वले संगठनलाई अझ सशक्त बनाएको धारणा राख्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले उत्पादन लागत न्यूनीकरण, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि अहिलेको प्रमुख आवश्यकता भएको बताउदै निजी क्षेत्रका सुझावलाई नीति निर्माणमा समेट्नु पर्ने धारणा राख्नु भयो ।

कार्यक्रममा संगठनका पदाधिकारी, कार्यसमिति सदस्यहरु, उद्योगी, व्यवसायी, महिला तथा युवा उद्यमीहरु, सरकारी निकायका प्रतिनिधि, विभिन्न उद्योग वाणिज्य संघ-संस्थाका पदाधिकारी, विकास साझेदारहरुको सहभागिता रहेको थियो।

## ५३औं वार्षिक साधारण सभाको अवसरमा सम्मानित हुने उद्योग तथा साझेदार संस्थाहरु

**१. श्री पशुपति खाद्य तेल उद्योग प्रा.लि. उच्च निर्यात योगदान उद्योग :** उत्पत्ति प्रमाणपत्र जारी गर्ने कार्यालयको अभिलेख अनुसार आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी मूल्य बराबरको वस्तु निर्यात गरी नेपालको वैदेशिक व्यापार प्रवर्द्धन, विदेशी मुद्रा आर्जन, औद्योगिक उत्पादन विस्तार तथा राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणमा उल्लेखनीय योगदान पुऱ्याए वापत श्री पशुपति खाद्य तेल उद्योग प्रा.लि. लाई उच्च निर्यात योगदान उद्योग कदर पत्र प्रदान गरिएको हो ।



**२. श्री जय श्री पियुटेक, अन्तर्राष्ट्रिय बजारमा नेपाली पहिचान स्थापित गर्न सफल उद्योग :** औद्योगिक उत्पादन मार्फत अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको बलियो पहिचान स्थापित गर्न सफल श्री जय श्री पियुटेक ले निर्यात व्यापारको दायरा विस्तार, विदेशी मुद्रा आर्जन तथा राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणमा पुऱ्याएको उल्लेखनीय र उदाहरणीय योगदानको कदर गर्दै उद्योगलाई कदर सम्मान प्रदान गरिएको हो ।




**३. श्री एलेक्सा लाइफ साइन्सेज, आत्मनिर्भरताको क्षेत्रमा योगदान पुऱ्याउने उद्योग :** स्वदेशमै स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अति आवश्यक औषधिजन्य गुणस्तरीय उत्पादन मार्फत आयात प्रतिस्थापन तथा औद्योगिक आत्मनिर्भरताको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउन सुरुवात गरेकोमा श्री एलेक्सा लाइफ साइन्सेज प्रा.लि. लाई आत्मनिर्भरता कदर सम्मान गरिएको हो ।




**४. श्री अरिहन्त मल्टिफाइबर्स लिमिटेड, सर्वाधिक रोजगारी सिर्जना गर्ने उद्योग :** राष्ट्रिय अर्थतन्त्रमा अभूतपूर्व योगदान पुऱ्याउँदै सबैभन्दा बढी व्यक्तिहरुलाई रोजगारीको अवसर उपलब्ध गराए बापत श्री अरिहन्त मल्टिफाइबर्स लिमिटेडलाई उद्योगको व्यावसायिक सफलता र निरन्तर आर्थिक योगदानको उच्च प्रसंशा गर्दै उच्च रोजगार योगदान कदर सम्मान प्रदान गरिएको हो ।




**५. श्री जानकी पोलिट्याक्स प्रा.लि. उद्योग-शैक्षिक सहकार्यमा उत्कृष्ट योगदान पुऱ्याउने उद्योग :** औद्योगिक जनशक्ति विकासलाई सुदृढ बनाउने उद्देश्यका साथ प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रमा सक्रिय सहकार्य गरि उद्योग-शैक्षिक सहकार्यको माध्यमबाट विभिन्न शैक्षिक संस्थाका प्रशिक्षार्थीहरुलाई उद्योगभित्र व्यावहारिक सीप, कार्यअनुभव र दक्षता अभिवृद्धिको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा श्री जानकी पोलिट्याक्स प्रा.लि. ले पुऱ्याएको योगदानको प्रशंसा गर्दै कदर सम्मान प्रदान गरिएको हो ।



६. **श्री आरा टेक्नोलोजी प्रा.लि.:** उदीयमान स्टार्टअप उद्यमी नवीन सोच र प्रविधि-आधारित औद्योगिक नवप्रवर्तन मार्फत उद्यमशीलताको नयाँ सम्भावना सिर्जना गरि स्टार्टअप संस्कृतिको विकास, प्रविधि-आधारित उद्यमशीलता प्रवर्द्धन तथा प्रतिस्पर्धी बजारमा नवप्रवर्तनात्मक समाधान प्रस्तुत गर्ने दिशामा श्री आरा टेक्नोलोजी प्रा.लि.ले गरेको अनुकरणीय योगदानको प्रसंशा गर्दै दीयमान स्टार्टअप उद्यमी कदर सम्मान प्रदान गरिएको हो ।



७. **श्री दुहबी नगरपालिका :** प्राविधिक शिक्षा तथा सीप विकास योगदान कदर सम्मान प्राविधिक तथा व्यावसायिक शिक्षा र उद्योगबीचको सहकार्यलाई संस्थागत गर्दै दक्ष जनशक्तिको विकास लाई प्राथमिकता दिई निजी क्षेत्रको भूमिकालाई प्रोत्साहन गर्न प्रशिक्षार्थीलाई सिक्ने स्थान दिने औद्योगिक प्रतिष्ठानलाई व्यवसाय करमा छुट दिने जस्ता प्रेरणादायी नीतिहरू मार्फत सीपयुक्त जनशक्ति विकासलाई वढावा दिने श्री दुहबी नगरपालिकाको दुरदर्शि नीतिको कदर गर्दै सम्मान प्रदान गरिएको हो ।



८. **इन्स्योर परियोजना, हेल्भेटास नेपाल :** त्रि-पक्षीय समन्वय र सीप विकास कदर सम्मान औद्योगिक क्षेत्रमा आवश्यक दक्ष प्राविधिक जनशक्ति विकासमा निजी क्षेत्रको भूमिका स्थापित गर्न सरकार, निजी क्षेत्र र शैक्षिक क्षेत्रबीचको समन्वयात्मक मोडेलमा नमुना कार्यक्रम सञ्चालन, उद्योग संगठन मोरङसँगको सहकार्यमा सीप विकास एकाइको स्थापना मार्फत कार्यक्रमलाई संस्थागत गर्न इन्स्योर परियोजना हेल्भेटास नेपाल परियोजनाले गरेको अतुलनीय योगदानको कदर गर्दै सम्मान प्रदान गरिएको हो ।



उद्योग संगठन मोरङ
Chamber of Industries, Morang
Cim

## CIM's Major Initiatives

मेरो देश मेरै उत्पादन

BIRAT EXPO Cim

Q-HSEF CERTIFIED
Quality, Health, Safety, Environment & Food

Business Clinic.

CIM Newsletter

Skill Development Program
INITIATIVE OF CIM

BIRATNAGAR ANGEL INVESTORS NETWORK

BIRATNAGAR INCUBATION CENTER

CIM BUSINESS at SCHOOL
Powered by: CIM InSpire Alliance

CIM NEPAL HR SUMMIT

सीप उत्सव
SKILL FESTIVAL

BIRATBAZAAR
Nepal's First B2B Marketplace

PRESENTS
KOSHI CONNECT
कोशी कनेक्ट २०८२
उदयपुर • खोटाङ • भोजपुर

NeMato TILES
PRESENTS
CIM HOME Build exhibition
MARCH 26-30, 2026
Jain Bhawan, Biratnagar